

# परमेश्वरको अद्भुत मुक्ति



# प्रतिलिपि अधिकार

पीएच्‌जीएफ्‌द्वारा प्रतिलिपि अधिकार २०१९ संरक्षण गरिएको ।

यो पुस्तकलाई बिद्युतिय माध्यमद्वारा वा छपाई गरेर सित्तैमा बाड्न सकिन्छ तर यसलाई परिवर्तन गर्न र कुनै पनि शुल्क लिन मिल्दैन । यस पुस्तकलाई बिभिन्न बिद्युतिय स्वरुपमा डाउनलोड गर्न सकिन्छ अथवा

**www.wonderfulsalvation.com**

मार्फत्‌ अनलाईनमा निशुल्क पढ्‌न सकिन्छ ।

## बिषयसुची


१. परिचय

२. परमेश्वरको बचन र परमेश्वरको तरिका

३. परमेश्वरको सृष्टि

४. परमेश्वरको सिद्ध असलपना

५. परमेश्वरको पुर्ण न्याय

६. परमेश्वरको अचम्मको प्रेम

७. येशू नै हाम्रो मुक्तिदाता परमेश्वर हुनुहुन्छ

८. येशूले यी सबै हाम्रो लागि गर्नुभयो

९. येशुमा भरोसा गर्ने सरलता

१०. स्वर्ग र नरक

११. बलिदान र व्यवस्था

१२. अगमवाणी र पुर्वचित्रणहरु

१३. आदम र हब्वा

१४. कयिन र हाबिल

१५. कुष्ठरोगबाट सिक्नु

१६. परमेश्वरको नजरमा दुई प्रकारका मानिसहरु

१७. हाम्रो आवश्यकतालाई महशुस गर्नु

१८. परमेश्वरको मुक्ति सबैको लागि उपलब्ध छ ।


# १. परिचय

परमेश्वरको मुक्तिको सन्देश जसलाई सुसमाचार पनि भनिन्छ (जसको अर्थ असल समाचार हुन्छ ।) जुन एकदमै सरल छ । यहाँ यसको साराशं छ :

परमेश्वरले सबै कुराहरु असल बनाउनुभयो तर मृत्यु, रोग र कष्ट चाहिँ हाम्रो पापको परिणामस्वरुप आयो । पाप (अर्थात् अपराध अर्थात् अधर्म) चाहिँ परमेश्वरको धार्मिकताको स्तरको नाप सम्म पुग्न नसक्नु हो जुन चाहि असल बन्नु र असल गर्नु र सबै तरिकाबाट र सबै समयमा ठिक कुराहरु गर्नु हो । हामी सबै जना पापी छौँ र हामी स्वभाविक रुपमा नै पाप गर्दै आएका छौँ । अनि हाम्रो कर्महरुद्वारा (हामीले गर्ने कुराहरु) हामीले जे सुकै गरे पनि मुक्ति पाउन वा कमाउन सक्दैनौँ । परमेश्वर पवित्र हुनुहुन्छ जसको अर्थ उहाँ आफ्नो स्वभाव, चरित्र, काम र बचनमा जुनसुकै पक्षमा पनि बिशिष्ट, सिद्ध र उत्तम हुनुहुन्छ । परमेश्वरको स्वभाव नै सिद्ध प्रेम हो तर उहाँ स्वभाविक रुपमा पुर्णतया सिद्ध पनि हुनुहुन्छ अनि उहाँले साधारण प्रकारले हाम्रो पापलाई बेवास्ता गर्नुहुन्न किनकी सिद्ध न्यायको लागि हामीमा भएको पापले दण्ड पाउनै पर्छ ।

यद्यपी हाम्रो लागि परमेश्वरको प्रेम र दया एकदमै महान छ । परमेश्वरको पुत्र येशू खीष्ट मानिस बनेर कन्या केटीको कोखबाट जन्मनुभयो अनि पापरहित जीवन जीउनुभयो ताकि हामीले पाउने दण्डलाई उहाँले लिन सक्नुभएको होस् । उहाँले शारीरिक रुपमा धेरै कष्टहरु सहनुभयो, हाम्रो पाप लिनुभयो अनि हाम्रो सट्टामा आफैलाई बलिदानको लागि सुम्पनुभयो । येशू हाम्रो पापको लागि मर्नुभयो, गाडिनुभयो, तेश्रो दिनमा मरेकाहरुबाट बिउँतनुभयो । किनकि उहाँले हाम्रो लागि यी कुराहरु गर्नुभयो । यदि हामीले आफ्नो पाप स्वीकाछौँ र साधारण प्रकारले उहाँ हाम्रो पापको लागि मर्नुभयो अनि उहाँ मृत्युबाट पुनरुत्थान हुनुभयो भनि स्वीकार गरि उहाँकहाँ आएर उहाँको प्रेमपुर्ण मुक्तिमा भरोसा गर्छौं भने (अरु कुनै पनि कुरामा होईन) हामीले हाम्रो पापको क्षमा पाउँछौँ । नरकलाई हामीले पछाडी छोड्छौँ अनि अनन्त जीवन पाएर सिद्ध शान्ति र आनन्दको स्थान स्वर्गमा बस्ने अवसर पाउँछौँ । अनि हामी मुत्यु, रोग, कष्ट, दुख, पिडा र पाप बाट बचाईन्छौँ ।

यस पुस्तिकाले परमेश्वरले उहाँको बचनको(बाइबल वा धर्मशाश्त्र) अनन्तताबाट कसरी उहाँको मुक्तिको सन्देशलाई व्यापक रुपमा र असल प्रकारले बोल्नुभएको छ भन्ने कुराको केहि अंशलाई देखाउँछ । यस कुरालाई व्याख्या गर्नको लागि यो पुस्तकमा करिब ८० प्रतिशत धर्मशाश्त्रको खण्ड प्रयोग भएको छ । यसमा पुरानो करारका ३९ पुस्तकहरु मधये ३२ वटा पुस्तकका र नयाँ करारका २७ वटा मध्ये २३ वटा पुस्तकका खण्डहरु समाबेश छन् जुन चाहिँ बाइबलका दुईवटा भागहरु हुन् । अनि कुनै पनि बाइबल खण्डहरु एकभन्दा बढि पटक प्रयोग भएका छैनन् ।

पुरानो करारचाहि यहुदी/हिब्रुहरुले प्रयोग गर्ने बाइबल नै हो । (जसलाई तनाख भनिन्छ ।) परमेश्वरको मुक्तिको सन्देश सधैभरि एउटै हुन्छ अनि नयाँ करार चाहिँ पुरानो करार भन्दा फरक छैन । तर बरु यसले परमेश्वरले पुरा गर्नु भएको मुक्तिलाई देखाउँछ जुन चाहिँ उहाँले पुरानो करारमा प्रतिज्ञा गर्नुभएको थियो ।

## २. परमेश्वरको बचन र परमेश्वरको तरिका

**बाइबल बिभिन्न व्यक्तिहरुको हातद्वारा लेखिएको हो तर अन्ततः परमेश्वर आफैले लेख्नुभएको हो ।**

- सम्पुर्ण पवित्र शाश्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई अर्ती दिनलाई, सच्याउनलाई र धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ । (२ तिमोथी ३:१६)
- ... मानिस भोजनले मात्र होईन, तर परमप्रभुको मुखबाट निस्केको प्रत्येक वचनले जीउँछ । (व्यवस्था ८:३)
- किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरुले परमेश्वरको तर्फबाट बोलेका हुन् । (२ पत्रुस १:२१)

**परमेश्वरको शक्ति र बुझाई हाम्रो समझभन्दा धेरै माथि छ ।**

- हे परमप्रभु परमेश्वर तपाईले नै आफ्नो महाशक्ति र पसारिएको बाहुले आकाश र पृथ्वी सृष्टि गर्नुभएको हो । तपाईको लागि कुनै काम कठिन छैन । (यर्मिया ३२:१७)
- तपाई सबै कुरा गर्न सक्नुहुन्छ भनी म जान्दछु, तपाईका कुनै योजना पनि बिफल गर्न सकिँदैन । (अय्युब ४२:२)
- उहाँले ताराहरुको संख्या निश्चित गर्नुहुन्छ, र एक अर्कालाई आफ्नो नाउँ दिनुहुन्छ । हाम्रा परमप्रभु महान हुनुहुन्छ, सर्वशक्तिमान र सर्वज्ञानी हुनुहुन्छ । (भजनसंग्रह १४७:४-५)

**परमेश्वर शताब्दीऔँ देखि उहाँको बचनलाई सुरक्षित राख्नको लागि पर्याप्त मात्रामा शक्तिशाली हुनुहुन्छ । यो सत्य छ र यसलाई कहिल्यै पनि समायोजन गर्न आवश्यक छैन ।**

- अनि परमप्रभुका बचनहरु खोटरहित छन् ...... हे परमप्रभु तपाईले हामीलाई रक्षा गर्नुहुनेछ । सदाकाल हामीलाई यस्ता मानिसहरुदेखि बचाईराख्नुहुनेछ । (भजनसंग्रह १२:६-७)
- घाँस ओईलाउँछ, फुलहरु झरिहाल्छ, तर हाम्रा परमेश्वरको बचन सधैँभरि अटल रहनेछ । (यशैया ४०:८)
- हे परमप्रभु तपाईको बचन सनातन र अनन्त छ, आकाशमा त्यो स्थीर रहन्छ । (भजनसंग्रह ११९:८९)
- अतीतदेखि नै तपाईका कानुनहरुबाट मैले सिकेँ, कि तपाईले तिनीहरुलाई सदासर्वदा रहन् भनि स्थापना गर्नुभयो । (भजनसंग्रह ११९:१५२)
- स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा बचन बितेर जाने छैनन् । (मत्ती २४:३५)



- परमेश्वरको जीवित र नित्य रहने बचनद्वारा, विनाशी होईन तर अविनाशी विर्यबाट तिमीहरु नयाँ गरि जन्मेका छौ । (१ पत्रुस १:२३)
- हे परमप्रभु परमेश्वर, तपाई परमेश्वर हुनुहुन्छ । तपाईंका बचन बिश्वासयोग्य छन् । (२ शमूएल ७:२८)
- तपाईका सम्पुर्ण बचनहरु सत्य छन् । (भजनसंग्रह ११९:१६०)

**हाम्रो भविश्यको सन्दर्भमा परमेश्वरको न्याय चाहिँ अनन्तसम्म रहनेछ अनि उहाँ हामीले सहि बाटो चुनेको र उहाँसँगै भएको चाहानुहुन्छ ।**

- जसरी मानिसको निम्ति एकपटक मर्नु निश्चित छ र त्यसपछि इन्साफ । (हिब्रु ९:२७)
- तपाईका धार्मिक नियमहरु अनन्तका छन् । (भजनसंग्रह ११९:१६०)
- बिभिन्न बप्तिष्माहरुसम्बन्धी शिक्षा, हात राख्ने काम, मरेकाहरुको पुनरुत्थान र अनन्त दण्डजस्ता कुराहरुको जग फेरि नबसालौं । (हिब्रु ६:२)
- आफैमा भरोसा राख्ने व्यक्ति मुर्ख हो, तर बुद्धिमा हिँड्ने सुरक्षित रहन्छ । (हितोपदेश २८:२६)
- बुद्धिमान मानिसले परमप्रभुको भय राख्छ र खराबीदेखि टाढै रहन्छ, तर मुर्खचाहिँ गरम मिजासको र असावधानी हुन्छ । (हितोपदेश १४:१६)
- बुद्धिमानले खतरा आईरहेको देख्छ र कतै शरण लिन्छ तर सोझो चाहिँ त्यसैतिर जान्छ र दुख भोग्छ । (हितोपदेश २२:३)
- अर्ती उपदेश पालन गर्नेले आफ्नो जीवन रक्षा गर्छ, तर आफ्नो चालको बेवास्ता गर्ने मर्नेछ । (हितोपदेश १९:१६)
- अनुशासनलाई बेवास्ता गर्नेले आफैलाई घृणा गर्छ । (हितोपदेश १५:३२)
- किनभने मानिसले सारा जगत हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाईदा हुन्छ ? (मर्कूस ८:३६)

**परमेश्वर सार्वभौम हुनुहुन्छ, यसकारण उहाँ हाम्रो मुक्तिको लागि ठिक बाटो कुन हो भन्ने घोषणा गर्न सक्नुहुन्छ ।**

- स्वर्गमा, पृथ्वीमा र समुद्रहरु र त्यसको गहिराईमा परमप्रभुले आफ्नो इच्छा बमोजिम गर्नु हुन्छ । (भजनसंग्रह १३५:६)
- राजाको उपस्थितिबाट बिदा हुन हतार नगर । कुनै दुष्ट कुराको पक्षमा अडान नलेउ । किनभने राजालाई जे इच्छा लाग्छ, तिनले त्यहि गर्दछन् । किनकी राजाको बचन सर्वमान्य हुन्छ । कसले तिनलाई भन्न सक्छ, हजुर के गरिबक्सन्छ ? (उपदेशक ८:३-४)

- सर्वशक्तिमान परमप्रभुले यसो भनेर शपथ खानुभएको छ, जे योजना मैले बनाएको छु, त्यो निश्चय नै पुरा हुनेछ । जे अभिप्राय मैले गरेको छु, त्यो स्थीर रहनेछ । ... किनभने सर्वशक्तिमान परमप्रभुले अभिप्राय राख्नुभएको छ र कसले त्यसको खण्डन गर्न सक्छ ? उहाँको हात पसारिएको छ र कसले त्यो फर्काउन सक्छ र ? (यशैया १४:२४,२७)
- उहाँले चाहेअनुसार गर्नुहुन्छ । कसैले पनि उहाँको हात रोक्न सक्दैन, वा तपाईले के गर्नुभयो भनि कसैले पनि सोध्न सक्दैन । (दानियल ४:३५)

**परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ तर यदि हामीले हाम्रो इमानदारिता र बिश्वासलाई गलत ठाउँमा राख्यौं भने उहाँले त्यसलाई स्वीकार गर्न सक्नुहुन्न ।**

- तिनीहरुले ज्ञानलाई घृणा गरेका हुनाले र परमप्रभुको भय मान्न नचाहेका हुनाले, तिनीहरुले मेरो अर्ती ग्रहण नगरेका हुनाले र मेरो हप्की तिरस्कार गरेका हुनाले, तिनीहरुले आफ्नो चालचलनको फल भोग्नेछन् र आफ्नो कपट योजनाको फलले आफै लादिनेछन् । आफ्नै मनमानीपनले गर्दा निर्बुद्धिहरु मर्नेछन् र मुर्खहरुको आफ्नै निश्चिन्तताले तिनीहरुमाथि नाश आई पर्नेछ । तर मैले भनेका कुरा ज-जसले सुन्छन् तिनीहरु सुरक्षामा जिउनेछन् र हानी नोक्सानीको डरैबिना ढुक्क रहनेछन् । (हितोपदेश १:२९-३३)
- मुर्खको बाटो आफ्नो नजरमा ठिकै देखिन्छ, तर समझदार मानिसले अरुको सल्लाह सुन्छ । (हितोपदेश १२:१५)
- म यो गवाही दिन्छु कि परमेश्वरप्रति तिनीहरुको जोश त छ, तर यो जोश ज्ञानअनुसार छैन । (रोमी १०:२)
- बिनाज्ञानको उत्साह असल हुँदैन । हतार गर्नेले बाटो बिराउँछ । (हितोपदेश १९:२)
- यसैकारण मुर्ख नहोओ, तर प्रभुको इच्छा के छ त्यो बुझ । (एफिसी ५:१७)
- येशूले तिनीहरुलाई जवाफ दिनुभयो, तिमीहरु भ्रममा परेका छौ, किनकी तिमीहरु धर्मशाश्त्र र परमेश्वरको शक्ति जान्दैनौ । (मत्ती २२:२९)
- मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एउटा न्यायाधीस छन् । जो बचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ । (यूहन्ना १२:४८)

**हामी निश्चीत हुन पर्दछ कि हाम्रो बिश्वास परमेश्वरको बचनमा आधारीत छ अनि गलत शिक्षा वा परम्परा वा हाम्रो भावनाहरुमा आधारीत छैन ।**

- तव उहाँले तिनीहरुलाई भन्नुभयो, यशैयाले तिमी कपटीहरुका बिषयमा ठिकसँग यसरी अगमवाणी गरे, जस्तो लेखिएको छ, यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरुको हृदय म देखि टाढा छ । तिनीहरु व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरुका शिक्षा मानिसहरुले सिकाएका बिधि मात्र हुन् । तिमीहरु परमेश्वरको आज्ञालाई त्यागेर मानिसहरुका परम्परा मान्छौ । उहाँले तिनीहरुलाई भन्नुभयो, तिमीहरु आफ्ना परम्परा मान्नलाई कति धुर्ततासँग परमेश्वरको आज्ञालाई टारिदिन्छौ । (मर्कुस ७:६-९)



**किनभने परमेश्वरले हामीलाई धेरै प्रेम गर्नुहुन्छ, उहाँले आफ्नो बचनमा हामीलाई धेरै चेतावनीहरु दिनुभएको छ अनि उहाँले आफ्नो बचनमा हामीलाई सहि बाटो पनि सिकाउनुभएको छ ।**

- तपाइँका बचन मेरा गोडाका निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो । (भजनसंग्रह ११९:१०५)
- तपाइँका बचनको व्याख्याले ज्योति प्रदान गर्दछ, त्यसले सिधासादा मानिसहरुलाई समझशक्ति दिन्छ । (भजनसंग्रह ११९:१३०)
- तीबाटै तपाईको दासले चेतावनी पाउँदछ, ती पालन गर्दा ठूलो इनाम मिल्ने छ । (भजनसंग्रह १९:११)
- आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तेरो आफ्नै समझशक्तिमा भर नपर् । आफ्नो सारा मार्गमा उहाँलाई सम्झी र उहाँले तेरा मार्गहरु सोझा तुल्याईदिनु हुनेछ । आफ्नै नजरमा बुद्धिमान नहोऊ । परमप्रभुको भय मान् र दुश्कर्मलाई त्याग् । (हितोपदेश ३:५-७)
- अघिअघि लेखिएका कुराहरु हाम्रो शिक्षाको निम्ति लेखिएका थिए । (रोमी १५:४)
- पवित्र धर्मशाश्त्र .... जसले ख्रीष्ट येशूमा भएको बिश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ । (२ तिमोथी ३:१५)

**हामी परमेश्वरमा पुर्ण भरोसा गर्न सक्छौं किनकी उहाँले कहिल्यै बाटो बदल्नुहुन्न ।**

- म परमप्रभु कहिल्यै परिवर्तन हुदिंन । (मलाकी ३:६)
- आदीकालमा तपाईले पृथ्वीको जग बसाल्नुभयो, र स्वर्ग तपाइँकै बाहुलीको कृति हो । तिनीहरु नष्ट हुनेछन् तर तपाइँ रहनुहुन्छ । तिनीहरु सबै वस्त्र झैं थोत्रा भईजानेछन् । लुगा फेरेझैं तपाईले त्यसलाई फेर्नुहुन्छ र ती फालिनेछन् । तर तपाई त एकैनासका हुनुहुन्छ । र तपाईका बर्षहरुको अन्त्य नै हुँदैन । (भजनसंग्रह १०२:२५-२७)
- हरेक असल दान र हरेक सिद्ध बरदान स्वर्गबाट हो, यो बरदान ज्योतिका पिताबाट आउँछ । बदली रहने छायाँजस्तो उहाँमा कुनै हेरफेर हुँदैन । (याकुब १:१७)
- येशू ख्रीष्ट हिँजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ । (हिब्रु १३:८)
- परमेश्वर ढाँट्नुहुन्न, कारण उहाँ मानिस हुनुहुन्न । उहाँले मन बदल्नुहुन्न कारण उहाँ मान्छेको सन्तान हुनुहुन्न । उहाँले भन्नुभएपछि के त्यो गर्नु हुन्न र ? अथवा उहाँले प्रतिज्ञा गर्नुभए पछि के त्यो पुरा गर्नु हुन्न र ? (गन्ती २३:१९)

- परमप्रभुले जाति-जातिका योजनाहरु रद्द तुल्याउनुहुन्छ, उहाँले मानिसहरुका बिचार बिमर्शलाई विफल तुल्याउनुहुन्छ। तर परमप्रभुका योजनाहरु सदा स्थीर रहन्छन्। उहाँको हृदयका बिचार पुस्तौँसम्म रहिरहन्छन्। (भजनसंग्रह ३३:१०-११)

## ३. परमेश्वरको सृष्टि

**त्यहाँ अरु कतै पनि अरु कोहि परमेश्वर छैन अनि परमेश्वरले आफ्नो अस्तित्वलाई उहाँको सृष्टिद्वारा स्पष्ट बनाउनुभएको छ।**

- सर्वशक्तिमान परमप्रभु यसो भन्नुहुन्छ, पहिलो र पछिल्लो म नै हुँ। म बाहेक अरु परमेश्वर छैन। (यशैया ४४:६)
- म परमेश्वर हुँ र अरु कोहि छैन। म परमेश्वर हुँ, म जस्तै अरु कोहि छैन। आदिदेखि अन्त सम्मको र प्राचीन समयदेखि हुन आउनेसम्मको जानकारी म दिन्छु। म भन्छु, मेरो अभिप्राय ठहर्नेछ र मैले चाहेको सबै पुरा गर्ने छु। (यशैया ४६:९-१०)
- परमेश्वरको क्रोध ती मानिसहरुका सारा भक्तिहिनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरुका अधर्मले दवाईराखेका छन्। परमेश्वरको बिषयमा जान्न सकिने कुरा तिनीहरुमा प्रष्टै छ, किनकी परमेश्वरले तिनीहरुलाई त्यो कुरा देखाईदिनुभएको छ। उहाँको अदृश्य गुण अर्थात् उहाँको अनन्त शक्ति र इश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाईएका थोकहरुमा छर्लङ्गै देखिएको छ। यसैले यिनीहरुलाई कुनै किसिमको बहाना छैन। (रोमी १:१८-२०)
- तर दुष्ट मानिसहरु र ठगाहाहरु ठगेर र ठगिएर झन्-झन् दुष्ट हुँदै जानेछन्। (२ तिमोथी ३:१३)
- मुर्खले आफ्नो मनमा भन्छ इश्वर छदैँछैन। तिनीहरु भ्रष्ट भएका छन् र तिनीहरुका चाल घृणास्पद छन्। यस्तो कोहि पनि छैन जसले असल गर्दछ। (भजनसंग्रह ५३:१)
- दुष्टले किन परमेश्वरको निन्दा गर्छ ? त्यसले किन आफ्नो मनमा भन्छ, उहाँले मेरो लेखा राख्नुहुन्न। (भजनसंग्रह १०:१३)
- तर जीवित र मृतकहरुका न्याय गर्न तत्पर हुनुहुनेलाई तिनीहरुले लेखा दिनुपर्नेछ। (१ पत्रुस ४:५)
- किनकी लेखिएको छ, प्रभु भन्नुहुन्छ, जस्तो म जीवित छु, प्रत्येक घुडाँ मेरो सामने टेकिनेछ र हरेक जिब्रोले परमेश्वरको प्रशंसा गर्ने छ। यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं। (रोमी १४:११-१२)



**पमरेश्वरले सबै असल कुराहरु सृष्टि गर्नुभयो तर हाम्रो पापको कारणले मृत्यु, रोग र कष्ट आयो र रहिरह्यो। तर पनि त्यहाँ आशा छ।**

- आफुले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो र त्यो साह्रै राम्रो थियो। (उत्पत्ती १:३१)
- एउटा मानिसद्वारा संसारमा पाप आयो र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो। (रोमी ५:१२)
- यसकारण मानिस सडेको वस्तु र नास हुने र कीराले खाएको वस्त्र जस्तै नष्ट हुँदैछन्। (अय्युब १३:२८)
- कि सृष्टि त्यसको आफ्नै विनासको बन्धनबाट मुक्त गराईनेछ र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्ने छ। (रोमी ८:२१)
- परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट तिमीहरुलाई अनुग्रह र शान्ति ! हाम्रा परमेश्वर पिताको इच्छाअनुसार उहाँले यस बर्तमान दुष्ट युगबाट हामीलाई छुटकारा दिनलाई हाम्रा पापका निम्ति आफैलाई अर्पण गर्नुभयो। (गलाती १:३-४)
- आशाका परमेश्वरले तिमीहरुलाई बिश्वासद्वारा सम्पुर्ण आनन्द र शान्तिले भरिपुर्ण गरि दिऊन्, यस हेतुले कि पवित्र आत्माको शक्तिले तिमीहरु आशामा प्रसस्त हुन सक। (रोमी १५:१३)

# ४. परमेश्वरको सिद्ध असलपना

**परमेश्वर हर प्रकारले र सदैब पुर्णतया धर्मी र असल हुनुहुन्छ ।**

- परमप्रभु आफ्ना सबै मार्गमा धर्मी हुनुहुन्छ । (भजनसंग्रह १४५:१७)
- उहाँमा केहि दुष्टता छैन । (भजनसंग्रह ९२:१५)
- परमप्रभु धर्मात्मा हुनुहुन्छ । .... उहाँ कुनै खराबी गर्नुहुन्न । (सपन्याह ३:५)
- परमप्रभु हाम्रा परमेश्वरको नाउँ उच्च पार, र उहाँको पवित्र पर्वतमा उपासना गर, किनकी परमप्रभु हाम्रा परमेश्वर पवित्र हुनुहुन्छ । (भजनसंग्रह ९९:९)
- ... परमेश्वर ज्योति हुनुहुन्छ र उहाँमा कत्ति पनि अध्यारो छैन । (१ यूहन्ना १:५)

**हामी परमेश्वरसँगै स्वर्गमा हुनको लागि परमेश्वरले हामीलाई पनि उहाँ जस्तै सिद्ध भएको चाहानुहुन्छ । जवकी हामी सबै जना सिद्ध बन्नबाट चुकेका छौं ।**

- म इन्साफलाई नाप्ने डोरी र धार्मिकतालाई चाहिँ साहुल बनाउनेछु । (यशैया २८:१७)
- तिमीहरु पवित्र होओ किनभने म, परमप्रभु तिमीहरुका परमेश्वर पवित्र छु । (लेवी १९:२)
- यसकारण जस्तो तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरु पनि त्यस्तै सिद्ध हुनुपर्दछ । (मत्ती ५:४८)
- परमप्रभु तिमीहरुका परमेश्वरले तिमीहरुबाट चाहनुभएका कुरा यी नै हुन्: तिमीहरुले आफ्नो परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिँड । उहाँलाई प्रेम गर । आफ्नो सारा हृदय र प्राणले परमप्रभु तिमीहरुका परमेश्वरको सेवा गर र तिमीहरुका हितको लागि मैले आज तिमीहरुलाई आदेश गरेका परमप्रभुका आज्ञा र बिधिहरु मान । (व्यवस्था १०:१२-१३)
- म सर्वशक्तिमान परमेश्वर हुँ । मेरो सामु हिँड् र निर्दोष भएर बस् । (उत्पत्ती १७:१)

**हामी अरुको तुलनामा कस्तो छौं भन्ने कुराको आधारमा वा यदि हाम्रो असल काम खराब काम भन्दा बढि छ बन्ने कुरामा परमेश्वरले न्याय गर्नुहुन्न ।**

- तर तिनीहरु आफुले आफैलाई एउटा अर्कासंग नापेर हेर्दा अथवा दाँज्दा तिनीहरु बेसमझका हुन्छन् । (२ कोरिन्थी १०:१२)
- तर परमप्रभुले भन्नुभयो, त्यो सुन्दर र अल्गो भए तापनि त्यसको ख्याल नगर् । मैले त्यसलाई इन्कार गरेको छु । परमप्रभुले मानिसले झैं हेर्नुहुन्न । मानिसले रुप हेरेर बिचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर बिचार गर्नुहुन्छ । (१ शमुएल १६:७)
- किनकी कुनै मुल्य नभएको मानिसले आफैलाई केहि हुँ भनी ठान्छ भने त्यसले आफैलाई धोका दिन्छ । (गलाती ६:३)



- किनकी जसले सम्पुर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ । (याकुब २:१०)
- तर धर्मी मानिसले आफ्नो धार्मिकतालाई त्यागेर पाप गर्छ र दुष्ट मानिसले गरेका घिनलाग्दा कामहरु गर्छ भने, के त्यो बाँच्ने छ र? त्यसले अघि गरेको कुनै पनि धर्मको कामको सम्झना हुनेछैन । त्यसको अविश्वास र त्यसले गरेका पापको कारणले त्यो मर्नेछ । (इजकिएल १८:२४)

**केहि कुराले पनि हामीलाई परमेश्वरको स्तरसम्म पुर्‍याउन सक्दैन अनि हामी उहाँको सिद्धता र अनन्त पवित्रताको नजिक पुग्नबाट चुकेका छौं ।**

- परमेश्वर स्वर्गबाट मानिसका सन्तानलाई हेर्नुहुन्छ । यो जान्नलाई कि समझदार हुने र परमेश्वरलाई खोज्ने कोहि छ ? सब मानिसहरु भड्किगएका छन्, तिनीहरु सबै एकसाथ भ्रष्ट भएका छन् । कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन । (भजनसंग्रह ५३:२-३)
- संसारमा यस्तो कुनै धर्मी मानिस छैन, जसले सबै काम ठिक गर्छ र कहिल्यै पाप गर्दैन । (उपदेशक ७:२०)
- कुनै सोझो मानिस बाँकी छैन । .... तिनीहरुमध्ये सबैभन्दा असल चाहिँ काँढाजस्तै छ, सबै भन्दा सोझोचाहिँ काढाँको झाँगभन्दा खराब छ । (मिका ७:२,४)
- निम्न स्तरका मानिसहरु एकमुट्ठि सास मात्र हुन्, उच्च स्तरका चाहिँ भ्रम मात्र हुन्, तराजुमा तिनीहरु जोखिँदा हलुका हुन्छन् । (भजनसंग्रह ६२:९)
- किनभने केहि भेद छैन, किनकी सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् । (रोमी ३:२२-२३)
- किनकी मेरा बिचारहरु तिमीहरुका बिचार होईनन्, र तिमीहरुका चाल मेरा चाल होईनन्, परमप्रभु भन्नु हुन्छ । जसरी आकाश पृथ्वीभन्दा अग्लो छ, त्यसरी नै मेरा चाल तिमीहरुका चालभन्दा र मेरा बिचार तिमीहरुका बिचारभन्दा अल्गा छन् । (यशैया ५५:८-९)
- उसो भए के हामी यहुदीहरु अझ असल छौं त ? अवश्य छैनौं ..... जसो लेखिएको छ, धर्मी कोहि छैन, एक जना पनि छैन .... ती सबै बरालिएका छन्, तिनीहरु एकसाथ बेकम्मा भएका छन् । कसैले असल गर्दैन, असल गर्ने एकजना पनि छैन । (रोमी ३:९-१०,१२)

**येशूले सिकाउनुभएको जस्तै, परमेश्वरले हाम्रो व्यवहारमा मात्र सिद्धता होईन तर हृदय, सोचाँई, बोलीबचन, उद्देश्य र चरित्रमा पनि सिद्ध भएको चाहानुहुन्छ ।**

- निश्चय नै हृदयको सत्यतालाई तपाइँ चाहना गर्नुहुन्छ । (भजनसंग्रह ५१:६)
- तिमीहरुले यसो भनेको सुनेका छौ, तैँले व्यभिचार नगर् । तर म तिमीहरुलाई भन्दछु, जसले कोही स्त्रीलाई कामबासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ । (मत्ती ५:२७-२८)
- दुराचारी र व्यभिचारीहरुको इन्साफ परमेश्वरले गर्नुहुन्छ । (हिब्रु १३:४)
- तिमीहरुले सुनेका छौ, प्राचीन समयका मानिसहरुलाई यसो भनिएको थियो, तैँले हत्या नगर्नु ...... तर म तिमीहरुलाई भन्दछु ..... जसले आफ्नो भाईलाई तँ मुर्ख भन्छ, त्यो नरकको आगोमा पर्ने जोखिममा हुनेछ । (मत्ती ५:२१-२२)
- आफ्नो दाजु भाईलाई घृणा गर्ने हरेक हत्यारा हो, र कुनै हत्यारासँग अनन्त जीवन रहँदैन भन्ने तिमीहरुलाई थाहै छ । (१ यूहन्ना ३ १५)
- धिक्कार तिमीहरुलाई शाश्त्री र फरिसीहरु हो, पाखण्डीहरु । किनकी तिमीहरु चून लाइराखेका चिहानजस्ता छौ, जो बाहिरपट्टि सुन्दर देखा पर्छन् तर भित्रपट्टि भने मरेका मान्छेहरुका हाडहरु र सबै अशुद्धताले भरिएका हुन्छन् । यसरी नै तिमीहरु पनि बाहिर भने मानिसहरुका सामुन्ने धर्मी देखा पर्दछौ, तर भित्र भने कपट र दुष्टताले भरिएका छौ । (मत्ती २३:२७-२८)

**झुट बोल्ने पाप चाहिँ परमेश्वरको चरित्रको बारेमा आफैसँग झुट बोल्नु हो जस्तो, परमेश्वर प्रेमिलो हुनुहुन्छ । उहाँले हाम्रो पापलाई बेवास्ता गर्नुहुनेछ ।**

- तर हेर, तिमीहरु छली कुरामा भरोसा राख्दछौ, जो व्यर्थका छन् । (यर्मिया ७:८)
- त्यो मानिस धन्यको हो जसले परमप्रभुमा आफ्नो भरोसा राख्दछ । जसले अभिमानीहरु तिर हेर्दैन, न ता तिनीहरुतिर, जो झुठा देवहरु पट्टि लाग्छन् । (भजनसंग्रह ४०:४)
- झुट बोल्नेहरुलाई तपाई नास गर्नुहुन्छ । (भजनसंग्रह ५:६)
- बाहिरचाहिँ कुकुरहरु, मन्त्रतन्त्र गर्नेहरु, व्यभिचारीहरु, हत्याराहरु, मुर्तिपुजकहरु र असत्य मन पराउनेहरु र त्यसै मुताविक चल्नेहरु रहन्छन् । (प्रकाश २२:१५)
- तर डरपोकहरु, अविश्वासीहरु, घिनलाग्दा भएकाहरु, हत्याराहरु, व्यभिचारीहरु, जादुगरहरु, मुर्तिपुजकहरु र झुटा बोल्नेहरु सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ । यो दोश्रो मृत्यु हो । (प्रकाश २१:८)



**मुर्तिपुजाको पाप चाहिँ हाम्रो सोचाँईमा परमेश्वर प्रति जस्तो बिचार आउँछ त्यहि अनुसारको गलत चित्र बनाउनु हो जुन हामीले इच्छा गर्छौं र त्यसमा हामी सहज महसुस गर्छौं ।**

- तव हामी परमेश्वरका सन्तान भएका हुनाले, परमेश्वर सुन, चादीँ वा पत्थर जस्तै हो भनि हामीले ठान्नु हुँदैन । यिनीहरु चाहिँ मान्छेका कला र कल्पनाका प्रतिरुप मात्र हुन् । (प्रेरित १७:२९)
- परमेश्वर भन्नुहुन्छ, ..... "तैँले सोचिस् म सर्वथा तँ जस्तै छु । तर म तँलाई हप्काउनेछु ।" (भजनसंग्रह ५०:१६,२१)
- त्यसका प्रतिमाहरु झुटा छन् । .... ती व्यर्थका हुन्, ठट्टाका पात्र मात्र । (यर्मिया ५१:१७-१८)
- मुर्तिहरु छलका कुरा बोल्छन् .... तिनीहरु व्यर्थमा सान्त्वना दिन्छन् । (जकरिया १०:२)
- मुर्तिहरुतिर तिमीहरु नलाग, अनि तिमीहरुले ढलौटे दवताहरु पनि नबनाओ । म परमप्रभु तिमीहरुका परमेश्वर हुँ । (लेवी १९:४)
- तिनीहरुले उहाँका उर्दिहरु र उहाँले तिनीहरुका पिता पुर्खाहरुसँग बाध्नुभएको करार र तिनीहरुलाई दिनुभएका चेतावनीहरु इन्कार गरे । तिनीहरु बेकामका मुर्तिहरु पछि लागे र तिनीहरु आफै पनि बेकामका भए । (२ राजा १७:१५)

**तपाईले परमेश्वरको उपहार मुक्ति प्राप्त नगरुन्जेसम्म हाम्रो पापको परिणाम अनन्त मृत्यु अनि परमेश्वरको राज्यबाट अलग रहनु हो ।**

- जसले आफ्नो आमा बाबुलाई सराप्छ त्यो मारिनैपर्छ । (लेवी २०:९)
- जसले आफ्नो छिमेकीको निन्दा गुप्तमा गर्छ, त्यसलाई म नाश गर्ने छु .... छल कपट गर्ने मानिस मेरो घरमा बस्न पाउने छैन, झुट बोल्ने मानिस मेरो नजरको सामुन्ने रहन पाउने छैन । (भजनसंग्रह १०१:५,७)
- तिनीहरु सबै किसिमका बदमासी, दुष्टता, लोभ, इबीले भरिएका हुन्छन्, र तिनीहरु कुराउटे र बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहंकारी, अभिमानी दुष्ट कुरा र चिहिड्ने, बाबुआमाको आज्ञापालन नगर्ने, मुर्ख, बिश्वासघाती, निर्दयी र क्रुर हुन्छन् । यस्ता काम गर्नेहरु मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक बिधान जान्दाजान्दै पनि तिनीहरु यी काम गर्ने मात्र होईनन् तर यस्ता गर्नेहरुसँग पुर्ण सहमत हुन्छन् । (रोमी १:२९-३२)
- अधर्मीहरु परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरुलाई थाहा छैन ? धोका नखाओ, अनैतिकहरु, मुर्तिपुजकहरु, व्यभिचारीहरु, समलिङ्गीहरु, पुरुषगामीहरु, चोरहरु, लोभीहरु, मतवालाहरु, निन्दा गर्नेहरु, लुटाहाहरु परमेश्वरको राज्यको हकदार हुनेछैनन् । (१ कोरिन्थी ६:९-१०)
- किनकी पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको बरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो । (रोमी ६:२३)

**हाम्रो पाप हाम्रो आफ्नै गल्ती हो अनि हामी आफै यस कुराको जिम्मेवार हुन्छौं ।**

- त्यो प्राण जसले पाप गर्छ, त्यहि मर्छ । छोराले बाबुको दोषको फल भोग्ने छ । धर्मीले आफ्नो धार्मिकताको फल र दुष्टले आफ्नो दुष्ट्याइँको फल पाउनेछ । (इजकिएल १८:२०)
- परिक्षा हुँदा कसैले पनि यसो नभनोस्, "परमेश्वरद्वारा मेरो परिक्षा भएको हो ।" किनकी कुनै पनि खराब कुराबाट परमेश्वरको परिक्षा हुन सक्दैन र उहाँ आफैले पनि कुनै मानिसको परिक्षा गर्नुहुन्न । तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परिक्षामा पर्दछ । तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ । अनि पाप पुरै बढेपछि त्यसले मृत्यु ल्याउँछ । मेरा प्यारा भाई हो, धोकामा नपर । (याकुब १:१३-१६)
- के दुराचारीको लागि नाश, खराबी गर्नेहरुको लागि विपत्ती होईन र ? के परमेश्वर आफैले मेरा चाल देख्नु हुन्न र ? र मेरो हरेक पाईला गन्नुहुन्न र ? (अय्कयुब ३१:३-४)
- के कोहि मानिस गुप्त ठाउँहरुमा लुक्न सक्छ र म त्यसलाई देख्न सक्दिन ? परमप्रभु भन्नुहुन्छ । "के स्वर्ग र पृथ्वी दुबैलाई म ढाक्दिन र ?" परमप्रभु भन्नुहुन्छ । (यर्मिया २३:२४)
- हे परमेश्वर, तपाई मेरो मुर्खता जान्नु हुन्छ, र मेरो दोष तपाईमा लुकेको छैन । (भजनसंग्रह ६९:५)
- परमेश्वरको दृष्टिमा जुनसुकै कुरा छिपेको हुँदैन । उहाँका नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुला छन्, उहाँलई नै हामीले लेखा दिनुपर्छ । (हिब्रु ४:१३)

**हाम्रो पापमय स्वभाव परमेश्वरमा अपमानजनक छ अनि हामीलाई येशू ख्रीष्टद्वारा उहाँको मुक्ति चाहिन्छ ।**

- जव तिनीहरुले तपाईको बिरुद्धमा पाप गर्छन्, (किनकी पाप नगर्ने मानिस कोहि पनि छैन ।) र तपाई तिनीहरुसित रिसाउनुहुन्छ । (१ राजा ८:४६)
- जव हामीले तिनीहरुका बिरुद्धमा पाप गर्दैरह्यौं तव तपाई रिसाउनुभयो । कसरी हामीहरु बचाइन सक्छौं र ? (यशैया ६४:५)
- म कृपालु छु, परमप्रभु भन्नुहुन्छ, म सधैं रिस गरिरहने छैन । केवल तँ परमप्रभु आफ्ना परमश्वरको विरुद्धमा बागी भईस् । (यर्मिया ३:१२-१३)
- त्यस दिन तिमीहरुले भन्ने छौ, "हे परमप्रभु म तपाईको प्रशंसा गर्नेछु, तपाई रिसाउनुभए तापनि तपाईको रिस अब मऱ्यो र तपाईले मलाई सान्त्वना दिनुभएको छ । निश्चय नै परमेश्वर मेरा उद्धार हुनुहुन्छ । म बिश्वास गर्ने छु र म डराउनेछैन ।" (यशैया १२:१-२)



# ५. परमेश्वरको पुर्ण न्याय

**परमेश्वर प्रेमिलो र दयालु हुनुहुन्छ तर उहाँले न्यायलाई बेवास्ता गरेर पापलाई हेरिरहन सक्नुहुन्न । यसकारण हामीलाई मुक्तिको खाँचो छ ।**

- त्यसपछि परमप्रभु परमेश्वर तिनको सामुन्नेबाट गएर यसो भनि घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपुर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो र प्रेम र बिश्वस्ततामा प्रसस्त हुनुहुन्छ । उहाँले हजारौं हजार माथि कृपा देखाउनुहुन्छ र दुष्टता, बिद्रोह र पाप क्षमा गर्नुहुन्छ । तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाँय दिनुहुन्छ । (प्रस्थान ३४:६-७)
- परमप्रभु रीस गर्नमा धैर्यवान् र अति करुणामय, अधर्म र अपराध क्षमा गर्ने, तर दोषीलाई कुनै रीतिले निर्दोष नठहराउने, पिता पुर्खाका अधर्मको सजाय उनीहरुका तेश्रो र चौंथो पुस्तासम्म पनि दिने हुनुहुन्छ । (गन्ती १४:१८)
- परमप्रभु रीस गर्नमा धैर्यवान हुनुहुन्छ र उहाँ अति शक्तिशाली हुनुहुन्छ । दोषीलाई परमप्रभुले दण्ड नदिई छोड्नुहुन्न । (नहुम १:३)
- उहाँका काम सिद्ध छन्, र उहाँका सबै चाल न्यायोचित छन्, । एउटा बिश्वासयोग्य परमेश्वर जसले भुल गर्नुहुन्न, न्यायी र सत्य उहाँ हुनुहुन्छ । (व्यवस्था ३२:४)
- तिमीहरुले आफ्नो कुराले परमप्रभुलाई थकित तुल्याएका छौं । तिमीहरु सोध्छौ, "हामीले उहाँलाई कसरी थकित तुल्यायौं?" यसो भनेर, "दुष्ट काम गर्ने सबै परमप्रभुमा असलै छन् र उहाँ उनीहरुदेखि खुसी नै हुनुहुन्छ ।" अथवा "न्याय गर्ने परमेश्वर कहाँ हुनुहुन्छ ?" (मलाकी २:१७)
- यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोखा दिन्छौं र हामीमा सत्य हुँदैन । (१ यूहन्ना १:८)
- तँ भन्छस्, "म त निर्दोष छु । उहाँ म सित रिसाउनुहुन्न" तर "मैले पाप गरेको छैन ।" भनी तैंले भनेको कारण म तेरो न्याय गर्ने छु ।(यर्मिया २:३)

**परमेश्वर कृपालु हुनुहुन्छ र उहाँले मुक्ति दिनुभएको छ तर उहाँले गम्भीर न्याय गर्न सक्नुहुने भएकोले हामीले सहि प्रकारले उहाँको डर मान्नुपर्छ ।**

- यसकारण परमेश्वरको दया र कठोरतालाई ध्यानमा राख । (रोमी ११:२२)
- उहाँलाई खोज्ने सबैमाथि हाम्रा परमेश्वरको निगाह रहन्छ, तर उहाँलाई त्याग्नेहरु सबैमाथि उहाँको भयङ्कर क्रोध पर्छ । (एज्रा ८:२२)
- तपाईको भयमा मेरो शरीर काम्दछ, तपाईंका नियमहरुले म भयभित हुन्छु । (भजनसंग्रह ११९:१२०)
- तिनीहरु संग नडराओ, जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन् । बरु आत्मा र शरीर दुबैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ । (मत्ती १०:२८)
- हे परमप्रभु, तपाईको डर कसले मान्दैन ? र तपाईका नाउँको महिमा कसले गर्दैन ? किनकी तपाई मात्र पवित्र हुनुहुन्छ । (प्रकाश १५:४)
- परमप्रभुको भय नै ज्ञानको शुरु हो, तर मुर्खले बुद्धि र अनुशासनलाई तुच्छ ठान्छ । (हितोपदेश १:७)
- परमप्रभुको भयले जीवनतीर डोऱ्याउँछ । (हितोपदेश १९:२३)
- प्रेम र बिश्वासयोग्ताद्वारा पापको प्रायश्चित हुन्छ, परमप्रभुको भयद्वारा मानिस खराबीदेखि अलग रहन्छ । (हितोपदेश १६:६)

**येशू खीष्ट आफै न्यायकर्ता हुनुहुन्छ अनि उहाँले के-के कुरामा इन्साफ गर्नु हुन्छ भन्ने बारेमा पहिले नै बताउनुभयो ।**

- किनकी उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफुले नियुक्त गर्नु भएका एकजना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ । (प्रेरित १७:३१)
- उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ । उहाँले संसारको न्याय धार्मिकतामा र मानिसहरुको न्याय आफ्नो सत्यतामा गर्नुहुनेछ । (भजनसंग्रह ९६:१३)
- खीष्टद्वारा प्रचार गरिएको शान्तिको सन्देश .... उहाँले हामीलाई जनतामा प्रचार गर्न र उहाँ जीवित र मृतकहरुको न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ । (प्रेरित १०:३६,४२)
- तर परमेश्वरले नै न्याय गर्नुहुन्छ, उहाँले एउटालाई होच्याउनुहुन्छ, र अर्कालाई उच्च पार्नुहुन्छ । (भजनसंग्रह ७५:७)
- कुनै अपराधको दण्ड तुरुन्तै भएन भने मानिसहरुका हृदयले दुष्ट काम गर्नलाई योजनाहरु बनाउँछन् । (उपदेशक ८:११)
- परमप्रभु यसो भन्नुहुन्छ, एउटै कुरा पनि नछोड, शायद त्यो सुनेर तिनीहरु हरेक आ-आफ्नो



दुष्ट चालदेखि फर्कलान् । तव तिनीहरुको दुष्टताको कारण तिनीहरुमाथि सर्वनाश ल्याउने मेरो मन म छोड्नेछु । (यर्मिया २६:२-३)

- यसकारण हे इस्रायलका घराना, म तिमीहरु हरेकको न्याय त्यसको चालअनुसार गर्नेछु, परमप्रभु परमेश्वर भन्नुहुन्छ । पश्चाताप गर, आफ्ना सबै अपराधहरुदेखि फर्क । तब तिमीहरुको पाप आफ्नो पतनको कारण हुनेछैन । (इजकिएल १८:३०)
- जसले उहाँमाथि बिश्वास गर्छ, त्यो दोषी ठहरिँदैन तर बिश्वास नगर्ने चाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा बिश्वास गरेको छैन । (यूहन्ना ३:१८)

**परमेश्वरले उहाँको प्रेमद्वारा अनन्त मृत्युबाट भाग्ने ठाउँ दिनुभएको छ र हामीलाई चेतावनी दिनुभएको छ । अनि यदि हामी उहाँको शत्रुहरु हौं भने यो हाम्रो छनौटद्वारा हुनेछ उहाँको छनौट होईन ।**

- हाम्रा परमेश्वर बचाउनुहुने परमेश्वर हुनुहुन्छ, र परमप्रभु परमेश्वरमा नै मृत्युबाट मुक्ति छ । निश्चय नै परमेश्वरले आफ्ना शत्रुहरुको टाउको कुच्याउनुहुनेछ । ती मानिसहरुको केशले भरिएका टाउको जो आफ्नो पापमा लागिरहन्छन् । (भजनसंग्रह ६८:२०-२१)
- तव हामीले यति महान मुक्तिको वास्ता राखेनौं भने हामी कसरी उम्कौंला ? (हिब्रु २:३)
- हामीलाई त मृत्युदण्ड नै पाएझैं लागेको थियो । हामी आफैमाथि होईन तर मृतकहरुलाई जीवन दिई उठाउनुहुने परमेश्वरमाथि हामी भर परौं भनेर हुन आयो । उहाँले हामीलाई यस्तो भयानक जोखिमबाट छुटाउनुभयो । (२ कोरिन्थी १:९-१०)
- हे परमप्रभु, मेरो प्रार्थना सुनिदिनुहोस्, दयाको लागि मैले गरेको पुकार सुनिदिनुहोस् । तपाईको विश्वसनियता र धार्मिकतामा मलाई सहायता गर्नुहोस् । आफ्नो दासलाई इन्साफमा नल्याउनुहोस् । किनकी तपाईको सामुन्ने कुनै पनि जिवित मानिस धर्मी ठहरिदैंन । (भजनसंग्रह १४३:१-२)
- हे मेरा परमप्रभु परमेश्वर, तपाईकै धार्मिकता अनुसार मलाई निर्दोष ठहराउनुहोस् । (भजनसंग्रह ३५:२४)
- हे परमेश्वर तपाईको नाउँले मलाई बचाउनुहोस् । र तपाईको पराक्रमले मलाई निर्दोष साबित गरिदिनुहोस् । (भजनसंग्रह ५४:१)
- परमप्रभुको नाउँ एक बलियो धरहरा हो, धर्मीहरु त्यहाँ दगुर्दैजान्छन् र सुरक्षित हुन्छन् । (हितोपदेश १८:१०)
- तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो कठोर र अपश्चातापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारी रहेछौ । किनकी उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ । (रोमी २:५-६)

# ६. परमेश्वरको अचम्मको प्रेम

**परमेश्वर प्रेमिलो र दयालु हुनुहुन्छ अनि तुलनात्मक रुपमा अनुग्रही अनि धैर्यवान अनि क्षमाशील हुनुहुन्छ ।**

- प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन किनभने परमेश्वर प्रेम हुनुहुन्छ । (१ यूहन्ना ४:८)
- परमप्रभु टिठालु र अनुग्रही, क्रोध गर्नमा ढिला र अति करुणामय हुनुहुन्छ । (भजनसंग्रह १०३:८)
- हे परमप्रभु तपाईको दया दृष्टि अति महान छ । (भजनसंग्रह ११९:१५६)
- तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ । (एफिसी २:४)
- तर तपाई क्षमा गर्नुहुने परमेश्वर, अनुग्रहकारी र कृपालु, रिसानीमा ढिला र प्रेमले पुर्ण हुनुहुन्छ । (नहेम्याह ९:१७)
- उहाँको जातिलाई पाप क्षमाद्वारा मुक्तिको ज्ञान प्रदान गर्नलाई, हाम्रा परमेश्वरको कोमल कृपाको कारणले, स्वर्गबाट बिहानको ज्योति हामीमाथि पर्ने छ । (लुका १:७७-७८)
- तपाई सधैंसम्म रिस गर्नुहुन्न, तर कृपा गर्नमा खुसी हुनुहुन्छ । (मिका ७:१८)
- तपाईं अनुग्रहकारी, करुणामय, रीस गर्नमा धैर्यवान, दयामा प्रसस्त र दुःख दिनुमा बेखुसी हुनुहुने परमेश्वर हुनुहुन्छ भनी मैले जानेको थिएँ । (योना ४:२)

**परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हामीसँग सम्बन्ध स्थापित गर्न चाहानुहुन्छ तर यो कुरा केवल येशू ख्रीष्टमा बिश्वास गर्नु भन्ने परमेश्वरको आज्ञापालन गरेर मात्र सम्भव हुन्छ ।**

- मैले तिमीहरुलाई जे आज्ञा गर्दछु, ती तिमीहरुले गर्‍यौ भने, तिमीहरु मेरा मित्र हौ । (यूहन्ना १५:१४)
- तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि बिश्वास गरे, उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो । (यूहन्ना १:१२)
- जहाँ तिनीहरुलाई "तिमीहरु मेरा प्रजा होईनौ" भनिएको थियो, त्यहाँ तिनीहरु "जीवित परमेश्वरका सन्तान" कहलाईने छन् । (होशे १:१०)
- हामीले जे देखेका र सुनेका छौँ, सो हामी तिमीहरुलाई सुनाउँछौँ, ताकि हामीहरुसँग तिमीहरुको संगति होस् । हाम्रो संगति पिता र उहाँका पुत्र येशू ख्रीष्टसँग छ । (१ यूहन्ना १:३)



**परमेश्वरले हाम्रो पापको (प्रायश्चित) बिरुद्धमा हामीले भोग्नुपर्ने दण्ड भोग्नुभयो अनि मृत्यु सहेर उहाँले हाम्रो लागि प्रेम प्रकट गर्नुभयो ।**

- परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो, ताकि पुत्रद्वारा हामी जीउन सकौं । प्रेम यसैमा छ कि, हामीले परमेश्वरलाई प्रेम गरेका होईनौं तर उहाँले हामीलाई प्रेम गर्नुभयो र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो । (१ यूहन्ना ४:९-१०)
- तर परमेश्वरले हाम्रो निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो । (रोमी ५:८)
- मैले तिमीहरुलाई प्रचार गरेको सुसमाचार तिमीहरुलाई याद दिलाउन चाहान्छु ... अर्थात् पवित्र धर्मशाश्त्र अनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशाश्त्र अनुसार तेश्रो दिनमा उहाँ पुर्नजिवित पारिनुभयो । त्यसपछि उहाँ एकै समयमा पाँचसय भन्दा बढि भाइहरुकहाँ एकसाथ देखा पर्नुभयो । (१ कोरिन्थी १५:१,३-४,६)
- किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि बिश्वास गर्ने कोहि पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् । (यूहन्ना ३:१६)

**येशूको जीवन उहाँबाट खोसिएको होईन तर उहाँले आफुलाई सित्तैमा हाम्रो लागि प्रेमस्वरुप हाम्रो जीवन दिनुभएको हो ।**

- कसैले मबाट मेरो प्राण लिन सक्दैन तर म आफ्नै इच्छाले आफ्नो प्राण अर्पण गर्दछु । (यूहन्ना १०:१८)
- यसैबाट प्रेम के हो भनि हामी थाहा पाउँछौं कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो । (१ यूहन्ना ३:१६)
- जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरको पुत्रमा बिश्वास गरेर जिउँछु । जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफैलाई अर्पण गर्नुभयो । (गलाती २:२०)
- तिमीहरु प्रेममा चल, जसरी ख्रीष्टले पनि हामीहरुसँग प्रेम गर्नुभयो र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नु भयो । (एफिसी ५:२)

# ७. येशू नै हाम्रो मुक्तिदाता परमेश्वर हुनुहुन्छ ।

**येशू परमेश्वरको पुत्र हुनुहुन्छ, हुनुहुन्थ्यो र सधै हुनुहुनेछ जसले प्रेममा मानिस बनेर आफैलाई होच्याउनुभयो जसले गर्दा उहाँको मुक्तिले हामीलाई भरिपुर्ण भएर तृप्त पार्नुहुन्छ । (जीवनको रोटी)**

- एफ्राइमलाई हातमा समातेर हिड्न सिकाउने त म नै थिएँ । तर मैले तिनीहरुलाई निको पारेँ भनी तिनीहरुले जानेनन् । मैले तिनीहरुलाई मानिस जातिको मायाको डोरी र प्रेम बन्धनले डोऱ्याएँ । (होशे ११:३-४)
- तब परमप्रभुले भन्नुभयो, मिश्रमा भएका मेरा प्रजाको दु:ख मैले देखेको छु । म तिनीहरुलाई छुटकारा दिनलाई ओर्लिआएको हुँ । (प्रस्थान ३:७-८)
- येशूले तिनीहरुलाई जवाफ दिनुभयो, ..... स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ । कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउने छ । (यूहन्ना ६:४३,५१)
- आदिमा बचन हुनुहुन्थ्यो बचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि बचन परमेश्वर हुनुहुन्थ्यो । अनि बचन देहधारी हुनुभयो र अनुग्रह र सत्यताले पुर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । (यूहन्ना १:१,१४)
- पुर्वजहरु यिनीहरुका नै हुन् र खीष्ट पनि शरीर अनुसार तिनीहरुकै बशंका हुनुहुन्छ, सर्वोच्च परमेश्वर, जसको युगानुयुग स्तुति होस् । (रोमी ९:५)
- उहाँ स्वयम् शरीरमा प्रकट हुनुभयो । (१ तिमोथी ३:१६)
- किनकी खीष्टमा इश्वरत्वको सारा परिपुर्णता शरीरमा बास गर्दछ । (कलस्सी २:९)
- तर जब परमेश्वर हाम्रा मुक्तिदाताको भलाई र प्रेम प्रकट भयो । (तीतस ३:४)
- हाम्रा परमेश्वर र मुक्तिदाता येशू खीष्टको धार्मिकतामा हाम्रो जस्तै अनमोल बिश्वास प्राप्त गर्नेहरुलाई । (२ पत्रुस १:१)
- तर हे परमेश्वर तपाई तादिदेखि नै मेरा राजा हुनुहुन्छ, तपाईले पृथ्वीमा उद्दार ल्याउनुहुन्छ । (भजनसंग्रह ७४:१२)

**परमेश्वरको "म हुँ" भन्ने नाम लिएर येशूले म नै परमेश्वर हुँ भन्ने कुरा देखाउनुभयो । उहाँले कुनै विवाद बिना थोमाको घोषणा स्वीकार गर्नुभयो ।**

- तव परमेश्वरले मोशालाई भन्नुभयो, "म हुँ जो म हुँ ।" फेरि उहाँले भन्नुभयो, "इस्रायलीहरुलाई तैँले यसो भन्नु, म हुँ" भन्नेले तिमीहरुकहाँ मलाई पठाउनुभएको हो । (प्रस्थान ३:१४)
- यसकारण यहुदीहरुले उहाँलाई भने, "तिमी अझैं पचास बर्ष पुगेका छैनौ, त के तिमीले अब्राहमलाई देखेका छौं :" येशूले तिनीहरुलाई भन्नुभयो, "साँच्चै म तिमीहरुलाई भन्दछु, अब्राहम हुनुभन्दा अघिबाटै म छँदैछु ।" तव तिनीहरुले उहाँलाई हान्न भनी ढुङ्गा टिपे तर येशू लुकेर मन्दिरबाट बाहिर निस्किजानुभयो । (यूहन्ना ८:५७-५९)
- तव उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औँला यहाँ राख र मेरा हातहरु हेर । तिम्रो हात बढाएर मेरो कोखामा हाल । शंका नगर, तर बिश्वासी होऊ ।" थोमाले उहाँलाई भने, "मेरा प्रभु र मेरा परमेश्वर ।" येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको कारणले म माथि विश्वास गरेका हौं ? धन्य हुन् तिनीहरु, जसले मलाई देखेका छैनन् र पनि विश्वास गर्छन् ।" (यूहन्ना २०:२७-२९)

**येशू मानिस बन्नुभयो ताकि उहाँले हाम्रो पापको ज्याला तिर्न सक्नुभयो । उहाँ हाम्रो लागि मध्यस्थकर्ता हुनुहन्थ्यो किनकी उहाँ परमेश्वर र मानिस दुबै हुनुहुन्थ्यो ।**

- यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाईहरु जस्तै बनाईनुपऱ्यो, र मानिसहरुका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पुजाहारी बन्नुभयो । (हिब्रु २:१७)
- किनकी परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरुका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ - मानिस ख्रीष्ट येशू । उहाँले सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो, जुन कुराको गवाही ठिक समयमा दिईयो । (१ तिमोथि २:५-६)

**येशू, हाम्रो धर्मी परमेश्वर, उहाँले प्रेम गरेर हाम्रो पाप बोक्नुभयो यसकारण हामी उहाँसँगै जीउन सक्छौं अनि उहाँ एकमात्र मुक्तिदाता र मुक्तिको लागि एकमात्र बाटो हुनुहुन्छ ।**

- म भन्दा अघि कोहि इश्वर बनिएको नै थिएन, न ता म पछि कोहि हुनेछ । म, हो, म नै परमप्रभु हुँ । म बाहेक अरु कोहि मुक्तिदाता छैन । (यशैया ४३:१०-११)
- म बाहेक अरु कोहि परमेश्वर छैन । धर्मी परमेश्वर र उद्दारक, म बाहेक अरु कोहि छैन । (यशैया ४५:२१)
- "परमप्रभुमा मात्रै धार्मिकता र शक्ति छ ।" उहाँको बिरुद्धमा रिस गर्नेहरु उहाँकहाँ आउनेछन् र लज्जित हुनेछन् । (यशैया ४५:२४)
- तपाईहरु सबैलाई र इस्रायलका सारा मानिसलाई थाहा होस् .... कि तपाईहरुले क्रुसमा टाँग्नुभएको र परमेश्वरले मृतकबाट जिवीत पार्नुभएका, उनै नासरतका येशू ख्रीष्टको नाउँमा यो मानिस तपाईंहरुका सामुन्ने निको भएर उभिएको छ । अरु कसैमा मुक्ति छैन, किनकी हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिईएको छैन । (प्रेरित ४:१०,१२)
- तर यी लेखिएका छन् कि तिमीहरुले येशू परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुन्छ भनि विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरुलाई जीवन प्राप्त होस् । (यूहन्ना २०:३१)

**येशू, उहाँको दयामा, उहाँ एकमात्र मुक्तिदाता हुनुहुन्छ र मुक्तिको लागि एकमात्र बाटो हुनुहुन्छ भनेर गलत बाटोहरुलाई इन्कार गर्न सहायता गर्नुहुन्छ।**

- येशूले तिनीहरुलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोहि पनि पिताकहाँ आउन सक्दैन।" यूहन्ना १४:६)
- यसकारण येशूले फेरि तिनीहरुलाई भन्नुभयो, "साँच्चै म तिमीहरुलाई भन्दछु, भेडाहरुको ढोका म नै हुँ। यदि कोहि मानिस मबाट भित्र पस्यो भने त्यो बचाईनेछ।" (यूहन्ना १०:७,९)
- येशूले फेरि तिनीहरुलाई भन्नुभयो, "म संसारको ज्योति हुँ। मलाई पछ्याउने अन्धकारमा हिँडडुल गर्ने छैन तर त्यसले जीवनको ज्योति पाउनेछ।" (यूहन्ना ८:१२)
- मैले तिमीहरुलाई भनेँ, "तिमीहरु आफ्ना पापमा मर्नेछौ।" किनभने म उहिँ हुँ भनेर तिमीहरुले विश्वास गरेनौ भने आफ्ना पापमा मर्ने छौ। (यूहन्ना ८:२४)

**परमेश्वरले काँसाको सर्पलाई खामामा झुण्ड्याउने आज्ञा दिनुभएको थियो। यो चाहिँ येशूले क्रुसमा हाम्रो लागि भोग्नु हुने दुख र हामी बाँच्नको लागि हामीले उहाँलाई हेर्नुपर्छ (बिश्वास गर्नुपर्छ।) भन्ने कुराको संकेत थियो।**

- तब मोशाले एउटा काँसाको सर्प बनाएर त्यसलाई एउटा खामामा झुण्ड्याए। सर्पले डसेका सबैले काँसाको सर्पलाई हेरेपछि बाँचे। (गन्ती २१:९)
- येशूले तिनलाई जवाफ दिनुभयो, "जसरी मोशाले उजाजस्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ। र जसजसले उहाँमाथि बिश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ।" (यूहन्ना ३:१०,१४-१५)
- किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि बिश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस् र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्ने छु। (यूहन्ना ६:४०)
- मतिर फर्क, र उद्धार पाओ, हे पृथ्वीका सबै पल्लो छेउका हो, किनकी म परमेश्वर हुँ र अरु कोहि छैन। (यशैया ४५:२२)
- हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔँ भनेर उहाँले क्रुसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरुद्वारा तिमीहरु निको भयौ। (१ पत्रुस २:२४)



## ८. येशूले यी सबै हाम्रो लागि गर्नुभयो।

**येशूले मुक्तिको सम्पुर्ण कामहरु हाम्रो लागि गर्नुभयो अनि यसमा हामीले थप्न सक्ने वा योगदान गर्न सक्ने कुरा केहि छैन।**

- उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरुप हुनुहुन्छ र सम्पुर्ण विश्वलाई आफ्नो शक्तिको बचनले सम्हाल्नुहुन्छ। पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ बिराजमान हुनुभयो। (हिब्रु १:३)
- यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैँको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। (हिब्रु ९:२६)
- मलाई थाहा छ कि परमेश्वरले जे गर्नुहुन्छ त्यो सधैँभरि नै रहिरहन्छ। त्यसमा केहि थप्न वा घटाउन सकिँदैन। मानिसहरुले उहाँलाई श्रद्धा गरुन् भनी परमेश्वर यसो गर्नुहुन्छ। (उपदेशक ३:१४)
- तापनि मेरा हातहरुले गरेका सबै कार्यहरु र प्राप्त गर्नलाई मैले परिश्रम गरेका सबै कुरा जब मैले निरिक्षण गरेँ, तब प्रत्येक कुरा व्यर्थ थियो। बतासलाई खेदेको जस्तो मात्र रहेछ। सूर्यमुनि केहि उपलब्धी भएन। (उपदेशक २:११)
- तपाईले मलाई बोलाउनुहुनेछ, म तपाईको जवाफ दिनेछु। आफुले सृजनुभएको प्राणीलाई हेर्न तपाईले इच्छा गर्नुहुनेछ। (अय्युब १४:१५)
- म परमेश्वरको कहिल्यै नटुङ्गिने प्रेममा भरोसा राख्दछु। तपाईले जे गर्नुभएको छ त्यसको निम्ति म सदासर्वदा तपाईको स्तुति गर्ने छु। (भजनसंग्रह ५२:८-९)
- शत्रुहरुका बिरुद्धमा हामीलाई सहायता गर्नुहोस्, किनकी मानिसको सहायता त व्यर्थको हुन्छ। परमेश्वरद्वारा हामी बिजय प्राप्त गर्नेछौँ। (भजनसंग्रह १०८:१२-१३)
- हे परमप्रभु, मेरा परमेश्वर, मलाई सहायता गर्नुहोस्। तपाईको करुणाअनुसार मलाई बचाउनुहोस्। यो तपाईको हात हो भनी तिनीहरुले जानुन् र हे परमप्रभु, तपाईले नै यो गर्नुभएको हो भनि तिनीहरुले बुझ्नुन्। (भजनसंग्रह १०९:२६-२७)
- हे परमप्रभु, तपाईं मेरा परमेश्वर हुनुहुन्छ, म तपाईको नाउँलाई उच्च पार्दछु र तपाईका नाउँको प्रशंसा गर्दछु, किनकी सम्पुर्ण बिश्वासमा तपाईले आश्चर्यका कामहरु गर्नुभयो। (यशैया २५:१)
- जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहिनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्दछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ। परमेश्वरले कर्मबिना नै धार्मिक गन्नुहुने मानिसलाई यी बचनद्वारा दाउदले धन्यका भन्छन्। (रोमी ४:५-६)

**येशू ख्रीष्टले गर्नुभएको काम मात्र हामीलाई हाम्रा सम्पुर्ण बिगतका, बर्तमानका र भविश्यका पापहरुबाट बचाउनको लागि पुर्ण छ ।**

- हे परमप्रभु, तपाईले हाम्रा निम्ति शान्ति स्थापित गर्नु हुन्छ । जो हामीले सफलतापुर्वक प्राप्त गर्‍यौं । ती सबै तपाईले नै हाम्रो निम्ति गर्नुभएको हो । (यशैया २६:१२)
- सर्वोच्च परमेश्वरमा म पुकार गर्छु, परमेश्वरमा, जसले मेरो निम्ति आफ्नो अभिप्राय पुर्ण गर्नुहुन्छ । (भजनसंग्रह ५७:२)
- परमेश्वरको बिषयमा भन्ने हो भने, उहाँको मार्ग सिद्ध छ । .... उहाँमा शरण लिनेहरु सबैका निम्ति उहाँ ढाल हुनुहुन्छ । किनकी परमप्रभुबाहेक अरु को परमेश्वर छ र ? हाम्रा परमेश्वर बाहेक अरु चट्टान को छ र ? उनै परमेश्वर जसले मलाई शक्तिशाली तुल्याउनुहुन्छ र मेरो मार्गलाई सिद्ध तुल्याउनुहुन्छ । (२ शमुएल २२:३१-३३)
- तर ख्रीष्टले त हाम्रा पापहरुका निम्ति सदाको लागि एउटै बलिदान चढाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ बिराजमान हुनुभयो । .... किनकी एउटै बलिद्वारा जो पवित्र तुल्याईदैछन्, तिनीहरुलाई उहाँले सदाको निम्ति सिद्ध बनाउनुभएको छ । (हिब्रु १०:१२,१४)
- फलस्वरुप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरुलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ । (हिब्रु ७:२५)
- ख्रीष्टद्वारा परमेश्वरप्रति हाम्रो यस्तो भरोसा छ । कुनै पनि कुरा हामीबाट आएको हो भनि दावी गर्न हामी आफै योग्य छैनौं, तर हाम्रो योग्यता परमेश्वरबाट आउँछ । (२ कोरिन्थी ३:४-५)
- उहाँमा नै जीवनको परिपुर्णतामा तिमीहरु आईपुगेका छौ । (कलस्सी २:१०)
- साँच्चै म तिमीहरुलाई भन्दछु, जसले बिश्वास गर्छ त्यससित अनन्त जीवन छ । (यूहन्ना ६:४७)

**मुक्ति उहाँको कामद्वारा र उहाँको असलपनाबाट पुर्णतया अनि सित्तैमा दिईएको छ ।**

- तिनीहरुले धन्यवाद बलि चढाऊन् र हर्षका गीतहरुमा उहाँका कार्यहरुको वर्णन गरुन् । (भजनसंग्रह १०७:२२)
- मैले परमप्रभु परमेश्वरलाई मेरो शरणस्थान बनाएको छु । म तपाईका सबै कार्यहरुको बर्णन गर्नेछु । (भजनसंग्रह ७३:२८)
- आओ, परमेश्वरका कार्य हेर । मानिसका पक्षमा उहाँका कामहरु कति भयानक छन् । (भजनसंग्रह ६६:५)
- किनकी हे परमप्रभु, तपाईले आफ्ना कामद्वारा मलाई आनन्दित तुल्याउनुभएको छ । तपाईका हातका कार्यहरु हेरेर म हर्षले गाउँछु । (भजनसँग्रह ९२:४)



- धेरै मानिसहरु आफुमा अचुक प्रेम भएको दावी गर्छन् तर बिश्वसनीय मानिस कहाँ पाउन सकिएला ? (हितोपदेश २०:६)
- मैले तपाईमा शरण लिएको छु, .... तपाई मेरा प्रभु हुनुहुन्छ । तपाईंबाहेक मेरो निम्ति अरु कुनै राम्रो कुरा छैन । (भजनसंग्रह १६:१ -२)
- त्यसदिन परमप्रभु तिमीहरुका परमेश्वरले तिमीहरुलाई बचाउनुहनेछ .... किनकि तिनीहरु कति आकर्षक र सुन्दर हुनेछन् । (जकरिया ९:१६-१७)
- तपाईको सद्‌गुण कति महान छ, जो तपाईको भय मान्नेहरुका निम्ति तपाईले राख्नुभएको छ, जो तपाईमा शरण पर्नेहरुलाई तपाईले मानिसहरुका सामुन्ने दिनुभएको छ । (भजनसंग्रह ३१:१९)
- परमप्रभुलाई धन्यवाद देओ, किनकी उहाँ भला हुनुहुन्छ । (भजनसंग्रह १३६:१)
- मेरो प्रजा मेरो उदारताले तृप्त हुनेछ, परमप्रभु भन्नुहुन्छ । (यर्मिया ३१:१४)
- येशूले त्यसलाई यसो भनेर बिदा दिनुभयो, "तिमी आफ्नो घर फर्क र परमेश्वरले तिम्रो निम्ति कति ठूलो काम गर्नुभयो, सो घोषणा गर ।" (लुका ८:३८-३९)

**हामी आफै धर्मी बन्न सक्दैनौं तर यदि हामीले हामीलाई परमेश्वरको धार्मिकतामा राख्यौं भने हामी धर्मी बन्न सक्छौं ।**

- किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरुका निम्ति सदाको लागि एकचोटी मर्नुभयो । उहाँ शरीरमा मर्नुभयो-धर्मी जन अधर्मीहरुका निम्ति - तर आत्माद्वारा जिवित पारिनुभयो । (१ पत्रुस ३:१८)
- किनभने परमेश्वरबाट आउने धार्मिकताको बिषयमा नजानेर तिनीहरुको आफ्नै धार्मिकता स्थापित गर्न खोज्दा तिनीहरु परमेश्वरका धार्मिकताको अधिनमा रहेनन् । किनभने बिश्वास गर्ने धर्मी ठहरिओस् भनेर ख्रीष्ट नै व्यवस्थाको अन्त्य हुनुहुन्छ । (रोमी १०:३-४)
- तर पहिले उहाँको राज्य र धार्मिकताको खोजी गर र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछ । (मत्ती ६:३३)
- एउटा राजा जसले बुद्धिसित राज गर्नेछन् र जे उचित र ठिक छ त्यहि तिनले देशमा गर्नेछन् । ... जुन नाउँले तिनी कहलाईनेछन्, त्यो यहि हो, "परमप्रभु हाम्रा धार्मिकता ।" (यर्मिया २३:५-६)
- परमप्रभुले हामीलाई निर्दोष ठहराउनुभएको छ । आऔं, हामी परमप्रभु हाम्रा परमेश्वरले के गर्नुभएको छ, त्यो सियोनमा प्रचार गरौं । (यर्मिया ५१:१०)
- मेरो मुखले तपाईंको धार्मिकता र तपाईंबाट हुने उद्धारको बिषयमा सारा दिन बोल्नेछ । ..... हे परमप्रभु, परमेश्वर, तपाईंका शक्तिशाली कार्यको म घोषणा गर्ने छु, तपाईका धार्मिकताको मात्र म घोषणा गर्ने छु । (भजनसंग्रह ७१:१५-१६)

**मुक्तिचाहिँ सित्तैको उपहार हो, पुर्णतया परमेश्वरको दया र अनुग्रहबाट आएको हो । हामी कुनै पनि कारण वा योग्यताद्वारा पाउन सक्छौँ भनेर घमण्ड गर्नु पर्दैन ।**

- प्रशस्त अनुग्रहर र धार्मिकताका सित्तैको बरदान पाउनेहरुले एउटै मानिस येशू खीष्टद्वारा जीवनमा राज्य गर्नेछन् । (रोमी ५:१७)
- उहाँको वर्णन गर्न नसक्ने बरदानको निम्ति परमेश्वरलाई धन्यवाद होस् । (२ कोरिन्थी ९:१५)
- किनभने अनुग्रहबाट बिश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ - र यो तिमीहरु आफैबाट होईन, यो त परमेश्वरको बरदान हो । कर्महरुद्वारा होईन, नत्रता मानिसले घमण्ड गर्नेछ । (एफिसी २:८-९)
- तिमीहरु नडराओ, स्थीर होओ । र परमप्रभुले आज तिमीहरुलाई दिनुहुने छुटकारा हेर । ... परमप्रभु नै तिमीहरुका निम्ति लड्नुहुनेछ । तिमीहरु केवल स्थीर बस । (प्रस्थान १४:१३ -१४)
- उहाँको अपार अनुग्रहअनुसार खीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा पाउँछौं । (एफिसी १:७)
- तर अनुग्रहबाट हो भने यो कर्मको आधारमा होईन, नत्रता अनुग्रह अफ्र अनुग्रह नै रहने थिएन । (रोमी ११:६)
- तव हामी आफैले धार्मिकतामा गरेका कामबाट होईन तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नविकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो । (तितस ३:५)

**येशू सगैं क्रुसमा टागिँएको एकजना डाँकुले डकैति गरेर येशूको अपमान पहिले देखि नै गरिरहे को थियो तर अनुग्रहको कारणले क्रुसमा झुण्डिदैं गर्दा मर्नु अघि आफ्नो हृदय परिवर्तन गऱ्यो अनि येशूले आज नै तिमी म सँग स्वर्गलोकमा हुनेछौ भनेर उसलाई बचाएको कुरा देखाउनुभयो ।**

- उहाँसँग दुईजना डाँकुहरु क्रुसमा झुण्ड्याईएका थिए । एउटा उहाँको दाहिने पट्टि र अर्को देब्रेपट्टि । ... अनि उहाँसँग क्रुसमा झुण्ड्याईएका ती डाँकुहरुले पनि यहि किसिमले अपमान गरे । (मत्ती २७:३८,४४)
- क्रुसमा टागिँएका अपराधीहरुमध्ये एक जना अपराधीले उहाँको अपमान गर्दै भन्यो, "के तिमी खीष्ट होईनौ ? तिमी आफैलाई र हामीलाई बचाऊ ।" तर त्यसलाई हकारेर अर्कोले जवाफ दियो, "तँ पनि त्यहि दण्डमा परेको छस्, तापनि परमेश्वरको डर मान्दैनस् ? हाम्रो दण्ड त न्यायोचित छ, किनकी हामीले त आफ्नो कामको उचित फल भोगिरहेका छौँ, तर यी मानिसले त केहि अनुचित काम गरेका छैनन् ।" तब त्यसले भन्यो, "हे प्रभु तपाई आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस् ।" उहाँले त्यसलाई भन्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी म सित स्वर्गलोकमा हुनेछौ ।" (लुका २३:३९-४३)



**येशूले क्रुसमा जे भन्नुभएको थियो त्यो देखाउनुभयो । उहाँको प्रेम अनुसार उहाँले हाम्रो लागि छुटकाराको काम पुर्णतया गर्नुभयो ।**

- येशूले .... भन्नुभयो, "अब सिद्धियो ।" र उहाँले शीर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो । (यूहन्ना १९:३०)
- हाम्रा निम्ति सराप बनेर खीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनु भयो । (गलाती ३:१३)
- हे परमप्रभु, मेरो पक्षमा लडेर तपाईले मेरो प्राण बचाउनुभयो । (बिलाप ३:५८)

**येशूको पुनरुत्थानले यो देखाउँछ कि उहाँले पापरहित जीवन जीउनुभयो अनि हाम्रो पापको कारणले पाउनुपर्ने दण्ड उहाँले लिन तयार हुनुभयो ।**

- उहाँ हाम्रा अपराधहरुका निम्ति मारिनुभयो र हामीलाई धर्मी तुल्याउनलाई जिवित पारिनुभयो । (रोमी४:२५)
- खीष्ट पुनर्जिवित पारिनुभएन भने तिमीहरुको विश्वास व्यर्थ छ र तिमीहरु अझसम्म पापमा नै छौ । ... वास्तवमा खीष्ट मृतकहरुबाट जिवित हुनुभएको छ । (१ कोरिन्थी १५:१७,२०)
- परमेश्वर र हाम्रा प्रभु येशू खीष्टका पिता धन्यका हुनुहुन्छ । उहाँको महान कृपाले मृतकबाट येशू खीष्टको पुनरुत्थानद्वारा एउटा जिवित आशाको निम्ति हामी नयाँ गरि जन्मेका छौँ । (१ पत्रुस १:३)
- येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ । मलाई बिश्वास गर्ने मऱ्यो भने पनि जिवित हुनेछ ।" (यूहन्ना ११:२५)

# ९. येशूमा भरोसा गर्ने सरलता

**परमेश्वरको मुक्तिलाई असल समाचार पनि भनिन्छ किनकी हामीले यसको मापन गर्नु पर्दैन । तर साधारण प्रकारले येशूमा भरोसा गर्दा हामीले मुक्ति पाउन सक्छौं ।**

- तर जसरी सर्पले आफ्नो चलाखीले हव्वालाई छल्यो, त्यसरी नै खीष्टप्रतिका तिमीहरुको निष्कपट र चोखो भक्तिबाट तिमीहरुका बिचारहरु भ्रममा पर्छन् कि भनेर मलाई डर लागेको छ । (२ कोरिन्थी ११:३)
- तिनीहरुले उहाँलाई भने, "परमेश्वरले चाहनुभएको काम गर्नलाई हामीले के गर्नुपर्छ ?" येशूले तिनीहरुलाई भन्नुभयो, "परमेश्वरको काम यहि हो, जसलाई उहाँले पठाउनुभयो । उसमाथि बिश्वास गर ।" (यूहन्ना ६:२८-२९)
- उहाँमाथि बिश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पापक्षमा पाउँछ । (प्रेरित १०:४३)
- ध्यान देओ, कि कसैले दर्शनशाश्त्र र खोक्रो छलद्वारा तिमीहरुलाई सिकार नबनाओस्, जो खीष्टका अनुसार होईनन्, तर मानिसको परम्परा र बिश्वका आधारभुत सिद्धान्तहरुमाथि अडिएका हुन्छन् । (कलस्सी २:८)
- र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिँदैन, तर येशू खीष्टमाथिको बिश्वासद्वारा धर्मी ठहरिन्छ । यसकारण हामीले पनि हाम्रो बिश्वास खीष्ट येशूमा राख्यौं, ताकि हामी व्यवस्थाका कामद्वारा होईन तर खीष्टमा राखिएको बिश्वासद्वारा धर्मी ठहरिन सकौं, किनकी व्यवस्थाका कामद्वारा कोही पनि धर्मी ठहरिँदैन । (गलाती २:१६)
- हे सारा पृथ्वीका मानिस हो, परमप्रभुको निम्ति गाओ, दिनहुँ उहाँले दिनुभएको उद्धारको घोषणा गर । (१ इतिहास १६:२३)

**कतिले असल समाचारमा अरु कुराहरु थप गरेर त्यस असल समाचारको सरलतालाई बिकृत बनाउन खोज्छन् कि हामी बचाईनको लागि वा सधै भरि बाँच्नका लागि हामीलाई ती कुराहरु आवश्यक छन् ।**

- परमेश्वरको हरेक बचन दोषरहित छ । उहाँमा शरण लिनेहरुका निम्ति उहाँ ढाल हुनुहुन्छ । उहाँका बचनहरुमा नथप्, नत्रता उहाँले तँलाई हप्काउनुहुनेछ र झुटा प्रमाणित गर्नुहुनेछ । (हितोपदेश ३०:५-६)
- तिमीहरुले कसको डर र भय मानेकाले मप्रति झुटा भयौ र नता मेरो सम्झना गऱ्यौ, न तिमीहरुको मनमा मेरो बिचार गऱ्यौ ? ...... तिमीहरुको धार्मिकता र तिमीहरुका काम म खुलस्त गर्नेछु, र तीबाट तिमीहरुलाई केहि लाभ हुने छैन । (यशैया ५७:११-१२)
- मरुभुमिबाट आएको बतासले उडाएको भुसझैं म तँलाई तितरबितर पार्ने छु । तेरो हिस्सा, मैले ठहराएको मेरो भाग यहि हो । परमप्रभु भन्नुहुन्छ "किनभने तैंले मलाई बिर्सेको छस् । र झुटा देवताहरुमा भरोसा राखेको छस् । म तेरो फरिया तेरो मुखसम्मै उचालिदिनेछु । र यसरी तेरो लाज देखिनेछ ।" (यर्मिया १३::२४-२६)
- मलाई आश्चर्य लागिरहेछ, कि खीष्टको अनुग्रहमा तिमीहरुलाई बोलाउनु हुनेलाई यति चाँडै त्यागेर तिमीहरु भिन्न सुमाचार तिर लागिरहेछौ । वास्तवमा अर्को समाचार छैन, तर यस्ता कोहि-कोहि छन्, जसले खीष्टको सुसमाचारलाई भ्रष्ट पार्न खोज्छन् । हामीले प्रचार गरेका सुसमाचारको बिपरित हामीले वा स्वर्गबाट आउने दुतले नै प्रचार गऱ्यो भने पनि त्यो व्यक्ति श्रापित होस् । (गलाती १:६-८)

**मुर्तिपुजाको पापमा हामीले परमेश्वरलाई (सृष्टिकर्तालाई) भन्दा हाम्रो कामलाई बढि मुल्य दिएर आफ्नै आराधना (सृष्टिलाई) गर्ने भन्ने कुरा समाबेश हुन्छ ।**

- तिनीहरुको देश मुर्तिले भरिएको छ । आफ्नै हातका कामलाई तिनीहरु पुज्दछन् । (यशैया २:८)
- मलाई त्यागेर तिनीहरुले गरेका सबै दुष्टताको कारणले गर्दा तिनीहरुका विरुद्धमा म मेरो न्यायको फैसला सुनाउनेछु । तिनीहरुले पराई देवताका निम्ति धुप बाले र आफ्नै हातले बनाएका कुराहरुलाई दण्डवत् गरे । (यर्मिया १:१६)
- किनकी तिनीहरुले परमेश्वरको सत्यतालाई झुटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरुको पुजा र सेवा गरे । (रोमी १:२५)
- तिनीहरु खोक्रो तर्कमा भर पर्छन् र झुट बोल्छन् । (यशैया ५९:४)
- जस-जसले व्यर्थका मुर्तिहरुतिर मन लगाउँछन् । तिनीहरुले पाउनपर्ने अनुग्रहबाट तिनीहरु बञ्चित हुन्छन् । ..... उद्धार परमप्रभुबाटै हुन्छ । (योना २:८-९)

**हामीले योगदान दिन सकौं भन्ने सोचेर "घमण्ड" गर्नु हुँदैन, बरु हाम्रो शरीर (आफु) मा गरिने सम्पुर्ण भरोसालाई छोडेर "खतना" हुनुपर्छ ।**

- खीष्टका क्रुसको कारणले सतावटमा नपरुन् भनी बाहिरी तवरले सब ठिक देखिन चाहनेहरुले नै तिमीहरुलाई खतना लिन कर लाउँछन् । .... तर तिमीहरुको शरीरमा घमण्ड गर्नको निम्ति तिमीहरुले खतना लिएको तिनीहरु चाहान्छन् । हाम्रा प्रभु येशू खीष्टको क्रुस बाहेक अरु कुनै पनि कुरामाथि घमण्ड गर्ने कुरा मदेखि दुर रहोस् । .... नता खतनाको केहि महत्व छ, न बेखतनाको तर नयाँ सृष्टि नै सब थोक हो । (गलाती ६:१२-१५)
- यसकारण कोहि खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । (२ कोरिन्थी ५:१७)
- किनकी परमेश्वरलाई आत्मामा पुज्ने र खीष्ट येशूमा गर्व गर्ने र शरीरमा भरोसा नराख्ने साँचो खतना हामी नै हौं । (फिलिप्पी ३:३)
- यसकारण अब आफ्ना हृदयको खतना गर र अबदेखि उसो हठी नहोओ । (व्यवस्था १०:१६)

**परमेश्वरले घोडा चढ्नुलाई शरीरमा (आफैमा) भरोसा राख्नुको संकेतको रुपमा प्रयोग गर्नुहुन्छ। अनि यी कुराहरुको परिणामहरुको बारेमा पनि चेतावनी दिनुहुन्छ।**

- धिक्कार तिनीहरुलाई, जो मिश्र देशमा सहायताको निम्ति जान्छन् र घोडाहरुमा भर पर्छन्। .... तर तिनीहरुले इस्राएलका परमपवित्रतिर हेर्दैनन् र परमप्रभुको सहायतालाई खोज्दैनन्। ... तर मिश्रीहरु त मानिसहरु हुन् र परमेश्वर होईनन्। तिनीहरुका घोडाहरु शरीर हुन्, आत्मा होईनन्। (यशैया ३१:१,३)
- जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केहि फाईदा हुँदैन। (यूहन्ना ६:६३)
- "नता बलले न शक्तिले, तर मेरो आत्माले," सर्वशक्तिमान परमेश्वर भन्नुहुन्छ। (जकरिया ४:६)
- घोडामाथि छुटकाराको आशा राख्नु व्यर्थ छ, त्यसको ठूलो ताकतले पनि बचाउन सक्दैन। तर परमप्रभुको दृष्टि उहाँको भय मान्नेहरुमाथि छ। तिनीहरुमाथि जसको आशा उहाँको अचुक कृपामाथि छ। तिनीहरुका प्राणलाई छुटकारा दिन र अनिकालको समयमा तिमीहरुलाई जीवित राख्न। (भजनसंग्रह ३३:१७-१९)
- तिनीहरु छलमै टासिइरहन्छन्, फर्किआउन तिनीहरु इन्कार गर्छन्। मैले ध्यान दिएर सुनेको छु तर तिनीहरु ठिक कुरा बोल्दैनन्। "मैले के गरेको छु र ?" भनी कुनै मानिस पनि आफ्नो दुष्टतादेखि पश्चाताप गर्दैन। घोडा लडाईमा कुदेर गए झैँ हरेक आफ्नै बाटो तिर लाग्दछ। (यर्मिया ८:५-६)
- उहाँ घोडाहरुको बलमा, अथवा मानिसहरुका खुट्टामा प्रसन्न हुनुहुन्न। तर परमप्रभु उहाँको भय मान्नेहरुसँग र उहाँको अचुक कृपामाथि भरोसा राख्नेहरुसँग प्रसन्न हुनुहुन्छ। (भजनसंग्रह १४७:१० -११)
- तिम्रा पापहरु नै तिम्रो पतनको कारण हुन्। बचनहरु लिएर परमप्रभु तिर फर्क। उहाँलाई भन, "हाम्रा सबै पापहरु क्षमा गर्नुहोस् र अनुग्रहपुर्वक हामीलाई ग्रहण गर्नुहोस्।" .... हामी घोडाहरुमाथि सवार हुने छैनौँ। हामी फेरि कहिल्यै आफ्नै हातले बनाएका थोकहरुलाई "हाम्रा देवताहरु" भनी भन्ने छैनौँ। (होशे १४:१-३)
- म परमप्रभुको स्तुतिगान गाउनेछु। किनकी उहाँ धेरै उचालिनुभएको छ। घोडा र त्यसका सवारलाई उहाँले समुद्रमा फालिदिनुभएको छ। परमप्रभु नै मेरो शक्ति र गीत हुनुहुन्छ। र उहाँ मेरो मुक्ति हुनुभएको छ। उहाँ मेरा परमेश्वर हुनुहुन्छ। म उहाँको स्तुति गर्ने छु। (प्रस्थान १५:१ -२)
- कोहि रथहरुमा र कोहि घोडाहरुमाथि भरोसा गर्छन् तर हामी त परमप्रभु हाम्रा परमेश्वरकै नाउँमा भरोसा गर्छौं। (भजनसंग्रह २०:७)



**हाम्रो मुल्य छ किनभने परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो र प्रेम गर्नुभयो तर परमेश्वरले घमण्ड र आत्मबिश्वासलाई घृणा गर्नुहुन्छ। हाम्रो बिश्वास परमेश्वरमा हुनु पर्छ।**

- अभिमान, अहंकार, खराब चालचलन र भड्काउने कुराहरु म घृणा गर्छु। (हितोपदेश ८:१३)
- किनकी भित्रबाट अर्थात् मानिसको हृदयबाट खराब बिचार, व्यभिचार, चोरी, हत्या, परस्त्रीगमन, लोभ, दुष्टता, छल, छाडापन, इर्श्या, निन्दा, घमण्ड, मुर्खता निस्कन्छन्। यी सबै दुष्ट कुराहरु भित्रबाट निस्कन्छन् र मानिसलाई अशुद्ध पार्छन्। (मर्कूस ७:२१-२३)
- मानिसको घमण्डले त्यसलाई निचो पार्छ तर नम्र आत्मा भएको मानिसले सम्मान पाउँछ। (हितोपदेश २९:२३)
- सर्वनासको अघि अभिमान र पतनको अघि घमण्डी आत्मा आउँछ। (हितोपदेश १६:१८)
- कुनै बाटो मानिसको नजरमा ठिक देखिएला तर अन्त्यमा त्यसले मृत्युमा पुर्‍याउँछ। (हितोपदेश १४:१२)
- हेर्, त्यो घमण्डले फुलिएको छ, त्यसका इच्छाहरु सोझा छैनन् - तर धर्मी चाहिँ आफ्नो बिश्वासद्वारा जिउनेछ। (हबकुक २:४)
- धर्मीहरुका महान कामहरुबाट तपाईले हामीलाई जवाफ दिनुहुन्छ। हे परमेश्वर हाम्रा उद्धारक। पृथ्वीका समस्त सीमान्त र टाढा-टाढाका समुद्रहरुको आशा तपाई नै हुनुहुन्छ। (भजनसंग्रह ६५:५)

**एउटा दृष्टान्त छ जहाँ येशूले दुई जना मानिसको बारेमा सिकाउनुभएको छ जसमध्ये एकजना जसले आफुले गरेका कुराहरुलाई हेर्‍यो र अर्को एकजना जसले परमेश्वरको करुणालाई हेर्‍यो।**

- आफैमाथि भरोसा राख्नेहरु र आफैलाई धर्मी ठानी अरुलाई तुच्छ ठान्नेहरु कसै-कसैलाई उहाँले यो दृष्टान्त सुनाउनुभयो। "दुईजना मानिस प्रार्थना गर्न मन्दिरमा गए - एक जना फरिसी र अर्कोचाहिँ कर उठाउने। फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गर्‍यो। 'हे परमेश्वर, म तपाईलाई धन्यवाद दिन्छु, म अरु मानिसहरु जस्तो धुताहा, अन्यायी, व्यभिचारी अथवा यहि कर उठाउनेजस्तो पनि छैन। म हप्तामा दुई पल्ट उपवास बस्दछु। मैले पाएको सबै थोकको दशांश म दिन्छु।' तर कर उठाउने चाहिँ टाढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, 'हे परमेश्वर म पापी माथि दया गर्नुहोस्।' म तिमीहरुलाई भन्दछु, यो चाहिँ मानिस त्यस अर्काभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो। किनभने हरेक जसले आफुलाई उच्च पार्दछ, त्यो होच्याईनेछ, तर जसले आफुलाई होच्याउँछ, त्यो उच्च पारिनेछ।" (लुका १८:९-१४)

**हामीले अन्ततः हाम्रो काम र क्षमतामा भर पर्न छोडेर पिताको इच्छा अनुसार गर्नु पर्छ जुन चाहिँ येशूले गर्नुभएका कुरामा भरोसा गर्नु हो ।**

- मलाई प्रभु प्रभु भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्ने छैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रबेश गर्नेछ । त्यो दिन धेरैले मलाई भन्नेछन्, प्रभु प्रभु के हामीले तपाईको नाउँमा ...... अनेक शक्तिशाली काम गरेनौं र ? अनि म तिमीहरुलाई सफासँग भन्नेछु, मैले तिमीहरुलाई कहिल्यै चिनेको छैन । ए अधर्म काम गर्नेहरु हो, मबाट दूर होओ । (मत्ती ७:२१-२३)

# १०. स्वर्ग र नरक

**नरक (पाताल, पछि हुने अग्नि कुण्ड) त्यो हो जहाँ शैतान (दुष्ट) अनि परमेश्वरलाई अस्वीकार गर्ने सबैको अन्त्य हुने ठाउँ हो ।**

- सचेत रहो, जागा रहो, तिमीहरुको शत्रु दियावलस कसलाई भेट्टाउँ र खाईहालुँ भनि गर्जने सिहँ झैँ खोजी हिड्छ । (१ पत्रुस ५:८)
- तिनीहरुलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झुटो अगमबक्ता थिए । त्यहाँ दिनरात सदासर्वदै यातना भोग्ने छन् । (प्रकाश २०:१०)
- त्यो गरिब मानिस मऱ्यो र स्वर्गदुतहरुले त्यसलाई लगेर अब्राहमको संगमा राखे । त्यो धनि मानिस पनि मऱ्यो र गाडियो । नरकमा कठोर कष्ट भोगिरहेका बेला त्यसले नजर उठाएर हेऱ्यो र टाढामा अब्राहम र उनको संगमा लाजरसलाई देख्यो । अनि उसले कराएर भन्यो, हे पिता अब्राहम, म माथि दया गरेर लाजरसलाई पठाईदिनुहोस् र त्यसले आफ्नो औँलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदिओस्, किनकी म यस ज्वालामा भयङ्कर वेदना पाईरहेछु । (लुका १६:२२-२४)
- तिनीहरुका यातनाको धुवाँ सदासर्वदा मास्तिर गईरहनेछ । र तिनीहरुले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन् । (प्रकाश १४:११)



**तर यदि हामीले परमेश्वरको मुक्ति प्राप्त गर्छौं भने हामी बचाईनेछौं अनि हामीसँग उहाँको अनन्तको स्वर्गीय शान्ति र आनन्द हुनेछ (नयाँ पृथ्वी)**

- हे परमप्रभु, तपाईमा मैले शरण लिएको छु । ...... तपाईको धार्मिकतामा मलाई उद्धार गर्नुहोस् र मलाई छुटाउनुहोस् । (भजनसंग्रह ७१:१-२)
- उहाँले मृत्युलाई सदाको निम्ति निल्नुहुनेछ । परमप्रभु परमेश्वरले सबैका अनुहारबाट आशु पुछिदिनुहुनेछ । (यशैया २५:८)
- उहाँले तिनीहरुका आखाँको आशु पुर्ण रुपले पुछिदिनुहुनेछ र फेरि मृत्यु नै हुनेछैन, र शोक र पिडा पनि हुने छैन । किनकी पहिलेका कुराहरु बितिसकेका छन् । (प्रकाश २१:४)
- त्यहाँ फेरि रात हुने छैन, तिनीहरुलाई बत्ती वा घामको उज्यालो चाहिँदैन, किनकी परमप्रभु परमेश्वर नै तिनीहरुको उज्यालो हुनुहुनेछ । (प्रकाश २२:५)
- हेर, म नयाँ आकाश र नयाँ पृथ्वी सृष्टि गर्ने छु । अघि-अघिका कुराहरुको सम्झना हुने छैन, न ता ती मनमा आउने छन् । तर मैले सृष्टि गर्ने कुरामा सदासर्वदा आनन्द र हर्ष मनाओ । (यशैया ६५:१७ -१८)
- मेरो बासस्थान तिनीहरु सँगै हुनेछ । म तिनीहरुका परमेश्वर हुनेछु र तिनीहरु मेरा प्रजा हुनेछन् । (इजकिएल ३७:२७)
- तव मैले नयाँ आकाश र नयाँ पृथ्वी देखेँ, किनकी पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए । ...... सिहाँसनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनैं, "हेर, परमेश्वरको वास मानिसहरुसँग भएको छ । उहाँ तिनीहरुसँग वास गर्नुहुनेछ । र तिनीहरु उहाँका प्रजा हुनेछन् । र परमेश्वर आफै तिनीहरुका परमेश्वर भएर तिनीहरुसँग रहनुहुनेछ ।" (प्रकाश २१:१,३)
- तर उहाँको प्रतिज्ञा बमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले बास गर्छ । (२ पत्रुस ३:१३)
- ख्रीष्टमा भएका तिमीहरु सबैलाई शान्ति । (१ पत्रुस ५:१४)
- अब, शान्तिका प्रभु आफैले सब समय, हरतरहले तिमीहरुलाई शान्ति दिऊन् । (२ थेसलोनिकी ३:१६)

# ११. बलिदान र व्यवस्था

**परमेश्वरले बलिदान चाहानुहुन्न । बलिदान चाहिँ पापको गम्भीरताको सम्भनाको रुपमा थियो अनि आउनुहुने मुक्तिदाताको आवश्यकताको रुपमा थियो ।**

- बलिदान र भेटि तपाईले चाहानुभएन । ..... होमबलि र पापबलिको माग तपाईले गर्नुभएन । (भजनसंग्रह ४०:६)
- परमप्रभु भन्नुहुन्छ, "तिमीहरुका बलिदानहरुको थुप्रो मेरो निम्ति के काम लाग्छ ?" म त भेडाहरुका होमबली र पालेका मोटा पशुहरुका बोसोका होमबलिदेखि अघाएको छु । .... व्यर्थका बलिहरु नल्याओ, .... तिमीहरुका दुष्ट जमघटहरु म सहन सक्दिन । (यशैया १:११,१३)
- किनभने म बलिदान होईन, दया चाहान्छु र होमबलि भन्दा परमेश्वरको मान्यता अझ बढि चाहान्छु । (होशे ६:६)
- परमेश्वर जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नु हुन्न । उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरि मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनि नसोच्नुहोस् । (प्रेरित १७:२४-२५)

**सिद्ध बलिदानको लागि योग्यता चाहिँ हाम्रो पापरहित मुक्तिदाता येशू ख्रीष्ट हाम्रो लागि आवश्यक हुनुहुन्छ भन्ने देखाउनु थियो जुन चाहिँ ग्रहणयोग्य बलिदान हो ।**

- खोट भएको जे छ त्यो तिमीहरुले नचढाउनु, किनकी त्यो ग्रहणयोग्य हुनेछैन । मेलबलि चढाएर परमप्रभुलाई आफ्नो भाकल पुरा गर्दा अथवा राजीखुसीको बलि चढाउँदा बथान वा बगालबाट लिईने पशु ग्रहणयोग्य हुनलाई त्यो सिद्ध र निष्खोट हुनुपर्छ । (लेबी २२:२०-२१)
- तिमीहरुको पाठो खोटरहित होस् । (प्रस्थान १२:५)
- तिमीहरु जान्दछौ कि आफ्ना पिता पुर्खाबाट आएका व्यर्थका कुराहरुदेखि, सुन वा चाँदी जस्ता नाश हुने थोकहरुद्वारा दाम तिरि तिमीहरु छुट्याईएका होईनौ । तर निष्खोट र निश्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरि छुट्याईएका छौ । (१ पत्रुस १:१८-१९)
- भोलिपल्ट उनले येशूलाई आफुतिर आईरहेको देखेर भने, "हेर संसारको पाप उठाईलैजाने परमेश्वरको थुमा ।" (यूहन्ना १:२९)
- पाप हरण गर्नलाई नै उहाँ प्रकट हुनुभएको हो भन्ने कुरा तिमीहरु जान्दछौ र उहाँमा कुनै पाप छैन । (१ यूहन्ना ३:५)



- किनकी हाम्रा प्रधान पुजाहारी हाम्रो दुर्वलतामा हामीसँग सहानुभुति देखाउन नसक्ने हुनुहुन्न तर हामीजस्तै उहाँ सबै कुरामा परिक्षित हुनुभयो र पनि पापरहित हुनुहुन्थ्यो । यसकारण साहससँग अनुग्रहको सिहाँसन नजिक जाऔं र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं । (हिब्रु ४:१५-१६)

**परमेश्वर बलिदानहरुभन्दा बढि (हामी ठिक छौं भन्ने देखाउने कामहरु) पश्चाताप गरेको (हाम्रो पाप स्वीकार गरेर येशूमा भरोसा गरेको) चाहानुहुन्छ ।**

- के लिएर म परमप्रभुको सामु जाऊँ र उच्च भएका परमेश्वरको सामु निहुरुँ ? के एक बर्षे बाछाहरु लिएर होमबलि चढाउनलाई म उहाँको सामु जाऊँ ? के परमप्रभु हजारौं भेडाहरु र तेलका दश हजार नदीसित प्रसन्न हुनुहुन्छ र ? के म आफ्नो अपराधको लागि आफ्नो जेठो छोरालाई र मेरो प्राणको पापको लागि मेरो शरीरको फललाई चढाऊँ ? ए मानिस, जे असल छ त्यो उहाँले तँलाई देखाउनुभएको छ । र परमप्रभुले तँ बाट के चाहानुहुन्छ ? केवल यति, ठिकसित काम गर्नु र कृपालाई प्रेम गर्नु र तेरा परमेश्वरसित बिनम्र भएर हिँड्नु । (मिका ६:६-८)
- किनकी तपाई बलिमा प्रसन्न हुनुहुन्न, नत्रता म बलि चढाउनेथिएँ । होमबलिमा तपाई खुसी हुनुहुन्न । तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो । हे परमेश्वर, तोडिएको र पश्चातापी हृदयलाई तपाई तिरस्कार गर्नुहुन्न । (भजनसंग्रह ५१:१६-१७)
- उचित बलिदानहरु चढाओ, र परमप्रभुमा भरोसा राख । (भजनसँग्रह ४:५)
- मृत्युतिर लैजाने कर्महरुबाट पश्चाताप र परमेश्वर माथिका बिश्वासका कुराको जग फेरि नबसालौं । (हिब्रु ६:१)
- पश्चाताप गरेर परमेश्वरपट्टि फर्कनु र हाम्रा प्रभु येशू ख्रीष्ट माथि बिश्वास राख्नु भन्ने कुराको गवाही मैले दिएको छु । (प्रेरित २०:२१)

**पुरानो करारको व्यवस्थाचाहिँ मुक्तिको लागि दिईएको होईन तर हामीलाई मुक्तिदाताको खाँचो छ भन्ने कुरा महशुस गराउनको लागि दिईएको हो ।**

- किनभने ति आज्ञाहरु बत्ती र अर्तीचाहिँ ज्योति हुन् । (हितोपदेश ६:२३)
- अब हामी जान्दछौं, जे जति व्यवस्थाले भन्छ, व्यवस्थामुनि हुनेहरुलाई नै भन्छ, कि हरेक मुख चुप रहोस्, र सारा संसार परमेश्वरको अघि जवाफदेही होस् । यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिने छैन ।, किनकी व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ । (हितोपदेश ३:१९-२०)
- किनकी परमप्रभु हाम्रा परमेश्वरले हामीलाई नष्टै हुन भनि ठहराउनु भएको छ .... किनभने हामीले उहाँको बिरुद्धमा पाप गरेका छौं । (यर्मिया ८:१४)

- हामी हजुरलाई के भनौं अथवा अब हामीले कसरी आफ्नो सफाई दिन सक्छौं र ? हजुरका दासहरुको अपराध परमेश्वरले प्रकट गर्नुभएको छ। (उत्पत्ती ४४:१६)
- मेरो प्राणले परमेश्वरमा मात्र बिश्राम पाउँदछ, उहाँबाट नै मेरो उद्धार आउँदछ। (भनजसंग्रह ६२:१)
- तिमीहरुले यो व्यवस्था पढ्नु, ...... तिनीहरुले सुनेर परमप्रभु तिमीहरुका परमेश्वर को भय मान्न र यस व्यवस्थाका सबै बचन होसियारीसाथ पालन गर्न सिकुन्। (व्यवस्था ३१:११ -१२)
- परमप्रभुले नै हामीलाई यी सब बिधि पालन गर्ने र परमप्रभु हाम्रा परमेश्वरको भय मान्ने आदेश दिनुभएको हो, ताकि हाम्रो निरन्तर हित होस् र आज पर्यन्त झैं हाम्रो जीवनको पनि रक्षा होस्। (व्यवस्था ६:२४)
- किनभने व्यवस्था अब आउने उत्तम कुराहरुको खास रुप होईन तर तिनको छायाँ मात्र हो। यसकारण सालिन्दै नित्य चढाईने त्यहि किसिमका बलिहरुद्वारा नजिक आउनेहरुलाई यसले सिद्ध पार्न सक्दैन। तर ती बलिदानहरुले सालिन्दा पापको सम्झना गराउँछन्। किनकी साँढे र बोकाहरुको रगतले पाप हरण गर्न असम्भव छ। (हिब्रु १०:१,३-४)
- बिश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिईयो। (गलाती ३:२४)
- यी नै मानिसद्वारा पाप क्षमा हुन्छ भन्ने घोषणा तपाईंहरुलाई गरिएको छ। तपाईं बिश्वास गर्नेहरु हरेकले उहाँद्वारा नै सबै कुराबाट छुटकारा पाउनुभएको छ, जुन छुटकारा मोशाको व्यवस्थाद्वारा तपाईहरुका निम्ति सम्भब थिएन। (प्रेरित १३:३८-३९)

**शबाथ दिनको बारेमा व्यवस्था चाहिँ हामीले आफ्नो कामबाट बिश्राम लिएर परमेश्वरमा भरोसा गर्नुपर्छ भनेर चिन्हको रुपमा दिईएको थियो।**

- तिमीहरुले निश्चय नै मेरा शबाथहरु मान्नु। तिमीहरु र मेरो बीचमा यो एउटा चिन्ह हुनेछ, कि म, परमप्रभु नै तिमीहरुलाई पवित्र गर्दछु भनि तिमीहरुले थाहा पाओ। त्यो अपवित्र गर्ने निश्चय नै मारिओस्। जस-जसले त्यस दिन केहि कामकाज गर्ला त्यो आफ्ना मानिसहरुबाट बहिष्कृत हुनेछ। (प्रस्थान ३१:१३-१४)
- शबाथ दिन मान्ने बिषयमा ... यी चाहिँ आउने कुराका छायाँ मात्र हुन्, तर वास्तविकता चाहिँ ख्रीष्टमा हुन्छ। (कलस्सी २:१६-१७)
- येशूले भन्नुभयो, ...."हे सबै थाकेका र बोझले दबिएका हो, म कहाँ आओ, म तिमीहरुलाई बिश्राम दिनेछु। " (मत्ती ११:२५,२८)



**पुरानो करारमा मानिसहरु उनीहरुले गरेका कामहरुद्वारा बचाईएनन् तर आउदै गरेको परमेश्वरको मुक्तिको अनुग्रहमाथिको बिश्वासद्वारा बचाईए।**

- हे हठि हृदयका र धार्मिकताबाट टाढा रहेका हो, मेरो कुरा ध्यानसित सुन। म आफ्नो धार्मिकता नजिक ल्याईरहेछु, त्यो टाढा छैन, र मेरो उद्धारले बियाँलो गर्ने छैन। (यशैया ४६:१२-१३)
- परमप्रभु यसो भन्नुहुन्छ, ... "मबाट पाउने उद्धार नजिकै छ र मेरो धार्मिकता चाँडै प्रकट हुन्छ।" (यशैया ५६:१)
- तर म चाहिँ आशामा परमप्रभुको बाटो हेरिरहन्छु। मलाई बचाउनुहुने परमेश्वरको प्रतिक्षा गर्छु। (मिका ७:७)
- तर म जान्दछु, मेरा उद्धारक जीवित हुनुहन्छ, सबैभन्दा अन्तिम समयमा उहाँ पृथ्वीमा खडा हुनुहुनेछ। (अय्युब १९:२५)
- तर मैले त तपाईंको अचुक कृपामा भरोसा राखेको छु। मेरो हृदय तपाइँको उद्धारमा रमाउँछ। (भजनसंग्रह १३:५)
- तव हन्नाले यो प्रार्थना चढाईन्, "मेरो हृदयले परमप्रभुमा आनन्द गर्दछ, तपाईले मलाई उद्धार गर्नुभएकोले म हर्षित भएकी छु। परमप्रभुबाहेक पवित्र अरु कोहि छैन। तपाईजस्तै अरु कोहि छैन, हाम्रा परमेश्वरजस्तै अरु कुनै चट्टान छैन।" (१ शमूएल २:१-२)
- त्यस दिन तिनीहरुले यसो भन्नेछन्, "निश्चय उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, हामीले उहाँमाथि भरोसा गऱ्यौं र उहाँले नै हामीलाई बचाउनुभयो। उहाँ नै परमप्रभु हुनुहुन्छ, उहाँमाथि हामीले भरोसा गऱ्यौं। उहाँले गर्नुभएको उद्धारमा हामी खुसी होऔं र रमाऔं।" (यशैया २५:९)

**केहि यहुदीहरुले येशू ख्रीष्टको आगमनलाई सहि प्रकारले आशा गरिरहेका थिए जस्तै शिमियोन र हन्ना जसले येशूलाई बालकको रुपमा देखे।**

- शिमियोन ... तव उनले उहाँलाई आफ्नो काखमा लिए र परमेश्वरलाई धन्यवाद दिएर भने, "अब हे परमप्रभु, आफ्नो बचनअनुसार तपाईले आफ्नो दासलाई शान्तिसँग बिदा दिनुहोस्। किनकी मेरा आखाँले तपाइँको उद्धार देखेका छन्।" (लुका २:२५,२८-३०)
- हन्ना .... त्यहि बेला तिनले आएर परमेश्वरलाई धन्यवाद दिईन् र यरुशलेमका उद्धारको प्रतिक्षा गर्ने सबैलाई बालकको बिषयमा भनिन्। (लुका २:३६,३८)

# १२. अगमवाणी र पुर्वचित्रणहरु

**पुरानो करारका भविष्यवाणीहरूले देखाएको छ कि येशू परमेश्वरको पुत्र हुनुहुन्थ्यो (इम्मानुएल भनेको परमेश्वर हामीसँग हुनुहुन्छ) र उहाँले हाम्रो पाप बोक्नुहुनेछ भनी देखाएको छ।**

- किनभने हाम्रा निम्ति एक जना बालकको जन्म भएको छ। हाम्रा निम्ति एक जना छोरो दिइएको छ। शासन उहाँको काँधमा हुनेछ। उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ। (यशैया ९:६)
- हेर, कन्याले गर्भधारण गर्नेछिन्, र तिनले एउटा पुत्र जन्माउनेछिन्, र उहाँको नाउँ इम्मानुएल राखिनेछ। (यशैया ७:१४)
- स्वर्गसम्म को उक्लेको छ र तल ओर्लेर आएको छ? कसले बतासलाई आफ्नो हातको मुट्ठीमा बटुलेको छ ? कसले पानीलाई आफ्नो खास्टोमा लपेटेको छ? पृथ्वीका चारैतिर को अन्तसम्म कसले स्थापित गरेको छ ? उहाँको नाउँ के हो, र उहाँका पुत्रको नाउँ के हो ? (हितोपदेश ३०:४)
- पुत्रलाई चुम्बन गर, नत्रता उहाँ रिसाउनुहुनेछ, र तिमीहरू बाटैमा नष्ट हुनेछौ, किनभने उहाँको कोप चाँड़ै दन्कन्छ। ती सबै धन्य हुन्, जो उहाँको शरण पर्दछन्। (भजनसंग्रह २:१२)
- तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेडियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्यो, र उसको कोर्राको चोटले हामी निको भयौं. हामी सबै भेड़ाझैं बरालिएका छौँ। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ। (यशैया ५३:५-६)
- मेरो धर्मी दासले धेरैलाई धर्मी बनाउनेछ, र उसले तिनीहरूका अधर्म बोक्नेछ। (यशैया ५३:११)

**यहाँ पुरानो करारमा येशूको बारेमा केहि भविश्यावाणीहरु छन् अनि तिनीहरु सयौं बर्ष पछि येशूमा पूरा भएका छन्।**

- तिनीहरुले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले घोचेका छन्। (जकरिया १२:१०)
- तर सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो। (यूहन्ना १९:३४)
- "तर ए बेथलेहेम एप्राता, तँ यहूदाका कुलहरूमध्ये सानो भए तापनि तँबाट मेरो निम्ति एक जना निस्कनुहुनेछ, जो इस्राएलका शासक हुनुहुनेछ, जसको सुरु पुरानो समयदेखि, अर्थात् प्राचीनकालदेखि नै छ।" (मीका ५:२)
- येशूको जन्म यहुदियाको बेथेलेहेममा भएको थियो। (मत्ती २:१)



- हे सियोनकी छोरी, खूब रमाऊ। हे यरूशलेमकी छोरी, जोडसित कराऊ ! हेर, तिम्रा राजा तिमीकहाँ आउँदैहुनुहुन्छ। उहाँ धर्मात्मा र मुक्तिदाता हुनुहुन्छ। उहाँ भला हुनुहुन्छ, र गधामाथि, अर्थात् गधाको बच्चा एउटा बछेड़ामाथि सवार भएर आउँदैहुनुहुन्छ। (जकरिया ९:९)
- चेलाहरूले त्यसलाई येशूकहाँ ल्याए, र आफ्ना वस्त्रहरू बछेड़ोमाथि राखेर येशूलाई त्यसमाथि बसाए। उहाँ जानुहुँदा मानिसहरूले आफ्ना वस्त्रहरू बाटोमा ओछ्याए। (लूका १९:३५-३६)
- मैले मेरो पीठ मलाई पिट्नेहरूलाई, र दाह्री लुछ्नेहरूलाई मेरो गाला फर्काइदिएँ। ठट्टा र थुकाइबाट मैले मेरो मुख लुकाइन। (यशैया ५०:६)
- तब तिनीहरूले उहाँको मुखमा थुकेर उहाँलाई मुक्का लगाए। (मत्ती २६:६७)

**धेरै वास्तविक घटनाहरूले येशूलाई पूर्वचित्रण गरे। तल योसेफको जीवनबाट केही कुराहरु छन्, र तिनीहरु येशूमा पूरा भएका छन्।**

- योसेफ खराब व्यवहारको कुरा आफ्ना बुबाकहाँ ल्याए। तिनका दाजुहरूले तिनीसित दुश्मनी राखे र तिनीसँग राम्ररी बोल्दैनथे। (उत्पत्ति ३७:२,४)
- संसारले तिमीहरूलाई घृणा गर्न सक्दैन, तर मलाई त घृणा गर्दछ, किनकि संसारको विषयमा त्यसका कामहरू दुष्ट छन् भनी म गवाही दिन्छु। (यूहन्ना ७:७)
- उनीहरूले तिनलाई टाढ़ैबाट आइरहेका देखे, र तिनी उनीहरूका नजिक आइपुग्नुभन्दा अघि नै तिनलाई मार्ने उनीहरूले मतो गरे। (उत्पत्ति ३७:१८)
- बिहान सबेरै, सबै मुख्य पूजाहारीहरू र जनताका धर्म-गुरुहरूले येशूलाई मृत्युदण्ड दिन भनी उहाँको विरुद्धमा सरसल्लाह गरे। (मत्ती २७:१)
- अनि तिमीहरूलाई एउटा भागको रूपमा पृथ्वीमा जोगाएर राख्न र तिमीहरूको जीवन बचाउन भनी परमेश्वरले मलाई तिमीहरूभन्दा अगि यहाँ पठाउनुभएको हो। (उत्पत्ति ४५:७)
- हामीले देखेका छौं, र गवाही दिन्छौं, कि पिताले आफ्ना पुत्रलाई संसारका मुक्तिदाताको रूपमा पठाउनुभएको छ। (१ यूहन्ना ४:१४)
- मिश्रीहरूले आएर योसेफलाई भने, "हामीलाई अन्न दिनुहोस्। तपाईंका आँखाको सामुन्ने हामी किन मरौं ?" (उत्पत्ति ४७:१५)
- येशूले तिनीहरूलाई भन्नुभयो "जीवनको रोटी म हुँ।" (यूहन्ना ६:३५)

# १३. आदम र हब्बा

**आदम र हब्बाले तिनीहरुले गरेका कुराहरुबाट (तिनीहरुको काम) आएको नग्नतालाई (तिनीहरुको पापको कारणले आएको लाज) ढाक्न खोजे । तर परमेश्वरले जुटाउनुभएको कुर मात्र स्वीकार योग्य थियो भन्ने कुरा देखाउनुभयो ।**

- अनि दुबैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए । अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए । (उत्पत्ति ३:७)
- परमप्रभु परमेश्वरले आदम र तिनकी पत्नीका निम्ति छालाका लुगा बनाई तिनीहरूलाई लगाइदिनुभयो । (उत्पत्ति ३:२१).

**यहाँ हाम्रो काम वा असल कामहरुबाट हाम्रो पापलाई ढाक्नको लागि व्यर्थका प्रयासहरु भएका समान लेखहरु छन् ।**

- तिनीहरूका जालले वस्त्र बनिँदैन, तिनीहरूले बनाएका थोकले तिनीहरू आफैलाई ढाक्न सक्दैनन् । तिनीहरूका काम अधर्मका काम हुन् । (यशैया ५९:६)
- आफ्ना पापहरू लुकाउनेको उन्नति हुँदैन, तर जसले ती स्वीकार गर्छ र त्याग्छ, त्यसले कृपा पाउँछ । (हितोपदेश २८:१३)

**यदि हामीले हाम्रो खास्टो फ्याँकेर हाम्रा पापहरू स्वीकार गर्छौं, अनि त्यसपछि येशूकहाँ आउँछौ, तब हामीले उहाँको धार्मिकताको लुगा प्राप्त गर्नेछौं ।**

- हामी सबै अशुद्ध मानिसझैं भएका छौं, र हाम्रा सबै धार्मिक काम फोहोर झुत्राझैं छन् । हामी सबै पातझैं ओइलाइहाल्छौं, र हाम्रा पापले हामीलाई बतासले झैं उड़ाइलैजान्छन् । (यशैया ६४:६)
- अनि आफ्नो खास्टो फालेर त्यो जुरुक्क उठ्यो र येशूकहाँ आयो । (मर्कुस १०:५०)
- म परमप्रभुमा साह्रै आनन्दित हुन्छु । मेरो प्राणले मेरा परमेश्वरमा आनन्द मनाउनेछ । किनकि उहाँले मलाई उद्धारको पोशाक लगाइदिनुभएको छ, र उहाँले मलाई धार्मिकताको वस्त्रले ढाक्नुभएको छ-- जसरी दुलहाले आफ्नो शिर पूजाहारीले सिँगारेझैं सिँगार्छन्, र दुलहीले आफैलाई रत्नहरूले आभूषित गर्छिन् । (यशैया ६१:१०)
- योचाहिँ परमप्रभुका दासहरूको पैतृक सम्पत्तिको हक हो, र मबाट तिनीहरूको दोषरहितको प्रमाण यही हो,"परमप्रभु घोषणा गर्नुहुन्छ । (यशैया ५४:१७)



**फोहोर लुगाहरू परमेश्वरको उपस्थितिमा पापलाई उजागर गर्दै टुक्रिनेछन् । येशूको धार्मिकता एक मात्र लुगा हो जो अनन्तकाल सम्म रहन सक्छ ।**

- तपाईंको धार्मिकता चिरस्थायी छ, अनि तपाईंको व्यवस्था सत्य छ । (भजनसंग्रह ११९:१४२)
- किनकि लुगा खाएझैं कीराले तिनीहरूलाई खानेछन् । ऊन खाएझैं कीराले तिनीहरूलाई खानेछन् । तर मेरो धार्मिकता सदाको निम्ति रहनेछ, मेरो उद्धार पुस्तादेखि पुस्तासम्मै । (यशैया ५१:८)
- त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ। नत्रता त्यो नाङ्गै हिँड्नेछ, र त्यसको नग्नता देखिनेछ । (प्रकाश १६:१५)

**हामीले गरेका कुराहरु हामीले हेर्छौं भने हामीले मुक्ति पाएका छौं भनी सोच्न सक्छौं, तर एक दिन हामीसँग येशूको धार्मिकताको वस्त्र थिएन भनेर थाहा पाउँछौं ।**

- "तर जब राजा पाहुनाहरूलाई हेर्न भनी भित्र आए, तब तिनले विवाहको पोशाक नलगाएको एक जना मानिसलाई देखे । तिनले त्यसलाई सोधे, 'मित्र, विवाहको पोशाक नपहिरी तपाईं कसरी यहाँ भित्र आउनुभयो?' त्यो निरुत्तर भयो। "तब राजाले सेवकहरूलाई भने, 'त्यसका हात-खुट्टा बाँधेर त्यसलाई बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन् ।" (मत्ती २२: ११-१३)

# १४. कयिन र हाबिल

**कयिनले आफ्नो कामको फल प्रस्ताव गरे र अस्वीकार गरियो । हाबिलले भेडाहरू (येशूको बलिदानमा भरोसा गर्ने प्रतीक) अर्पण गरे र स्वीकार गरियो ।**

- हाबिल भेडा-गोठाला भए, र कयिनचाहिँ भूमिको खेती किसानी गर्ने भए । कयिनले परमप्रभुकहाँ भूमिको उब्जनीबाट केही ल्याए । तर हाबिलले आफ्ना भेड़ाको बगालबाट पहिले बियाएका पाठाहरूका बोसे भाग ल्याए । परमप्रभुले हाबिल र तिनको भेटी ग्रहण गर्नुभयो, तर कयिन र उनको भेटी ग्रहण गर्नुभएन । यसैले कयिन ज्यादै रिसाए, र उनको मुख अँध्यारो भयो । तब परमप्रभुले कयिनलाई भन्नुभयो, "तँ किन रिसाउँछस्? तेरो मुख किन अँध्यारो छ ? यदि तैंले जे ठीक छ त्यो गरिस् भने तँ ग्रहणयोग्य हुँदैनस् र ?" (उत्पत्ति ४:२-७)

**कयिनले आफूले गरेको काममा भरोसा राखे (आफ्नो इच्छा अनुसार गर्दै थिए), खनजोत गर्ने, अनि आफ्नै कामहरुबाट फल (बलिदान) चढाउने कुरामा भरोसा राखे ।**

- मूर्खहरूको बलिदान चढ़ाउनुभन्दा परमेश्वरको वचन सुन्नलाई जाओ, किनकि भूल गर्दैछन् भन्ने तिनीहरू जान्दैनन् । (उपदेशक ५:१)
- तिमीहरूले त अधर्म रोपेका छौ । तिमीहरूले दुष्टताको कटनी गरेका छौ । तिमीहरूले छलको फल खाएका छौ, किनभने तिमीहरूले आफ्नै शक्तिमाथि भर परेका छौ । (होशे १०:१३)
- कुनै बाटो मानिसको नजरमा ठीक देखिएला, तर अन्त्यमा त्यसले मृत्युमा पुर्‍याउँछ । (हितोपदेश १६:२५)
- मैले मेरो हात दिनभरि नै एउटा अटेरी प्रजाको अगि फैलाएँ, जो आफ्नै कल्पनामा यस्तो बाटोमा हिँड्छन् जो असल छैन । (यशैया ६५:२)

**यदि हामीले राम्रो गर्यौं (परमेश्वरको मार्गमा जानुहोस्), भने हामी पक्कै स्वीकार गरिनेछौं, र नयाँ पृथ्वीबाट श्रापित हुने छैनौं (जस्तै कयिनलाई श्राप दिइयो) ।**

- तँ अब श्रापित भएर यस भूमिबाट खेदिएको छस् । (उत्पत्ति ४:११)
- "त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो ! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ ।' (मत्ती २५:४१)
- धर्मात्मा कहिल्यै उखेलिनेछैन, तर दुष्ट मानिस पृथ्वीमा रहनेछैन । (हितोपदेश १०:३०)



# १५. कुष्ठरोगबाट सिक्नु

**परमेश्वरले बाइबलमा प्राय परिस्थितिहिरुलाई समाबेश गर्नु भयो जसको साँकेतिक अर्थको साथै शाब्दिक अर्थहरु पनि छन् ।**

- मैले अगमवक्ताहरूसित कुरा गरें,र तिनीहरूद्वारा मैले दृष्टान्तहरू दिएँ । (होशे १२:१०)
- तर स्वतन्त्र स्त्रीबाट जन्मेको छोरो प्रतिज्ञाद्वारा यो कुरालाई रूपक दृष्टान्तको रूपमा लिन सकिन्छ । (गलाती ४:२३-२४)

**कुष्ठरोगको बारेमा निम्न खण्डहरूमा भएका व्यक्ति, कपडा वा घरहरुले हामीलाई हाम्रो पापपुर्ण रोगको बारेमा पनि सिकाउँछ ।**

- पूजाहारीले त्यो दाग जाँच गरून्, र हेर्दा छालाभन्दा गहिरो देखियो भने, त्यो सरुवा रोग हो । पूजाहारीले त्यसलाई अशुद्ध ठहराऊन् । त्यो अशुद्धै रहनेछ । त्यो एकलै रहनुपर्छ । छाउनीबाहिर त्यसको डेरा होस् । (लेवी १३:२५,४६)
- जुन लुगामा ढुसीको दाग छ, छालाको कुनै वस्तुमा भए त्यो फैलिने ढुसी हो, र पूजाहारीलाई देखाउनुपर्छ । पूजाहारीले त्यसको दागलाई जाँच गर्छन् । लुगा, ताना, बाना अथवा जुनसुकै काममा लाउने छालामा त्यो ढुसी फैलिएको रहेछ भने त्यो खतरनाक ढुसी हो । त्यो वस्तु अशुद्ध हो । तब त्यो ढुसी लागेको लुगा, ताना, ऊनी, सूती अथवा छालाको कुनै वस्तु भए पनि पूजाहारीले त्यो जलाइदेऊन् । त्यो आगोमा जलाइओस् । (लेवी १३:४७,४९-५२)
- पूजाहारी गएर हेरून् । त्यो ढुसी घरमा फैलिएको रहेछ भने, त्यो घर अशुद्ध ठहर्नेछ । त्यो घर भत्काइओस्, त्यसका ढुङ्गाहरू, काठपातहरू र सबै लिउनहरू लगेर शहरबाहिर कहीँ अशुद्ध ठाउँमा फालिओस् । (लेवी १४:४४-४५)

**कुष्ठरोगको बारेमा माथिको प्रत्येक खण्डमा पुजाहारीले परमेश्वरको पुत्र येशू ख्रीष्टलाई साँकेतिक रुपमा जाँच गर्ने व्यक्ति भनेर प्रस्तुत गरेका छन् ।**

- आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं । (हिब्रू ४:१४)
- परमेश्वरको सामने र जिउँदा र मरेकाहरूको इन्साफ गर्न आउनुहुने ख्रीष्ट येशूको सामने, अनि उहाँको आगमन र राज्यलाई ध्यानमा राखेर (२ तिमोथी ४:१)
- मानिसलाई प्रसन्न पार्न होइन, तर हाम्रो हृदय जाँच्नुहुने परमेश्वरलाई प्रसन्न पार्न हामी बोल्दछौं । (१ थेसलोनिकी २:४)

- उहाँले तपाईंहरूको जाँच गर्नुहुँदा के सबै ठीकै पाइएला ? के मानिसहरूलाई छक्काएझैँ तपाईंहरू उहाँलाई पनि छक्क्याउनुहुन्छ ? के परमेश्वरको महामहिमाले तपाईंहरूलाई भयभीत पार्दैन र ? के उहाँको भयले तपाईंहरूलाई विह्वल पार्दैन ? (अय्यूब १३:९,११)
- ती पूजाहारीहरूले जवाफ दिएर भने, "त्यो दूषित हुन्छ।" तब हाग्गैले भने, "मेरो दृष्टिमा यो प्रजा र यो जाति त्यस्तै छ," भनी परमप्रभु भन्नुहुन्छ। "यिनीहरू जे गर्छन् र जे चढ़ाउँछन्, त्यो दूषित हुन्छ।" (हाग्गै २:१३-१४)

**परमेश्वरको प्रेमपुर्ण चेतावनी १: कुष्ठरोगीलाई अशुद्ध घोषित गरियो र एक्लै र बाहिर बस्न लगाईयो।**

- आपत्ति आइपर्दा दुष्टहरूको पतन हुन्छ, तर धर्मीले चाहिँ मृत्युमा समेत आश्रय पाउँछ। (हितोपदेश १४:३२)
- किनकि यो त तिमीहरू निश्चय नै जान, कि कुनै व्यभिचारी कि अशुद्ध मानिस अथवा लोभी मानिसलाई (जो मूर्तिपूजक हो) खीष्ट र परमेश्वरको राज्यमा कुनै उत्तराधिकार छैन। कसैले तिमीहरूलाई खोक्रा कुराले धोका नदेओस्, किनकि ती कुराको कारणले अनाज्ञाकारीहरूमाथि परमेश्वरको क्रोध पर्छ। (एफिसी ५:५-६)
- तर थुमाका जीवनको पुस्तकमा नाउँ लेखिएकाहरू बाहेक कुनै अशुद्ध कुरा, घृणित काम गर्ने र झूट बोल्ने कुनै किसिमले पनि त्यसभित्र पस्नेछैन। (प्रकाश २१:२७)

**परमेश्वरको प्रेमपुर्ण चेतावनी २: कुष्ठरोगीले लगाएको लुगा अशुद्ध घोषित गरियो र आगोमा जलाएर नष्ट गरियो।**

- सियोनमा भएका पापीहरू डराएका छन्। ईश्वरहीनहरूलाई कम्पनले समातेको छ। "भस्म गर्ने आगोसँग हामीहरूमध्ये को बस्न सक्छ र ? अनन्त जलनमा हामीहरूमध्ये को रहन सक्छ र?" (यशैया ३३:१४)

**परमेश्वरको प्रेमपुर्ण चेतावनी ३: कुष्ठरोगी बसेको घर अशुद्ध घोषित गरियो र नष्ट गरियो।**

- धिक्कार तिनीहरूलाई, किनभने तिनीहरू मबाट तर्केर गएका छन्। तिनीहरूको सर्वनाश होस्, किनकि तिनीहरू मेरो विरुद्धमा बागी भएका छन्। तिनीहरूलाई मोल तिरेर छुटाउने मेरो चाहना छ, तर तिनीहरूले मेरो विरुद्धमा झूट बोल्छन्। तिनीहरू हृदयले मेरो पुकारा गर्दैनन्। (होशे ७:१३-१४)
- परमेश्वरले निश्चय तँलाई सदाको निम्ति नाश गर्नुहुनेछ। उहाँले तँलाई तानेर तेरो निवासस्थानबाट निकाल्नुहुनेछ, र जिउँदाको भूमिबाट तँलाई जरैसमेत उखेल्नुहुनेछ। (भजनसंग्रह ५२:५)



**नयाँ करारको यो खण्डले आगो, विनाश र परमेश्वरको उपस्थितिबाट अलग हुँदाको परिणामहरू देखाउँछ।**

- जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरूसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ। परमेश्वरलाई नचिन्नेहरूलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरूलाई उहाँले दण्ड दिनुहुन्छ। तिनीहरूले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन्। जब त्यस दिन उहाँका सन्तहरूमा महिमा पाउन र विश्वास गर्नेहरू सबैलाई आश्चर्यचकित पार्न उहाँ आउनुहुनेछ। (२ थेसलोनिकी १:७-१०)

**परमेश्वर सबै असल कुराको श्रोत भएको हुनाले परमेश्वरबाट निस्कासित हुनु वा अलग हुनु भनेको चाहिँ परमेश्वरको शान्ति प्राप्त गर्नबाट अलग हुनु हो।**

- "दुष्टहरूलाई शान्ति हुँदैन," परमप्रभु भन्नुहुन्छ। (यशैया ४८:२२)
- तिनीहरूका बिचार अधर्मका बिचार हुन्। तिनीहरू शान्तिको बाटो चिन्दैनन्, र तिनीहरूका मार्गमा न्याय छैन। तिनीहरूले आफ्ना मार्गहरू बाङ्गा-टेढ़ा बनाएका छन्। त्यसबाट हिँड्ने कसैले शान्तिलाई जान्नेछैन। (यशैया ५९:७-८)

**हामी आफैंलाई शुद्ध गर्ने कुनै उपाय छैन, तर येशूले हामीलाई हाम्रो पापमय कुष्ठरोगबाट निको पार्न सक्नुहुन्छ र हामीलाई शुद्ध बनाउन सक्नुहुन्छ।**

- कसले भन्न सक्छ, "मैले आफ्नो हृदय शुद्ध राखेको छु, म सफा र पापरहित छु" ? (हितोपदेश २०:९)
- अशुद्धबाट कसले शुद्ध निकाल्न सक्छ? कसैले सक्दैन ! (अय्यूब १४:४)
- अनि एक जना कुष्ठरोगी उहाँकहाँ आएर घुँडा टेक्दै यसो भनेर बिन्ती गर्यो, "तपाईंले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नुहुन्छ।" तब दयाले भरिएर उहाँले आफ्नो हात पसारी त्यसलाई छुनुभयो, र त्यसलाई भन्नुभयो, "म इच्छा गर्दछु, तिमी निको भइजाऊ।" त्यति नै बेला त्यसको कुष्ठरोग त्यसबाट हट्यो, र त्यो निको भइहाल्यो। (मर्कूस १:४०-४२)
- तर उहाँ ज्योतिमा हुनुभएझैँ यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ। (१ यूहन्ना १:७)

**हामी आफैलाई सिधा बनाउने कुनै उपाय छैन, तर येशूले हामीमा भएको पापमय कुटिलताबाट निको पार्न र हामीलाई सिधा बनाउन सक्नुहुन्छ।**

- सूर्यमुनि गरिएका सबै काम मैले देखेको छु। ती सबै व्यर्थ हुन्, बतासलाई खेदेको जस्तो मात्र। जे बाङ्गो छ, त्यसलाई सोझ्याउन सकिँदैन। जे छँदैछैन, त्यसको गन्ती हुँदैन। (उपदेशक १:१४-१५)

- त्यहाँ एउटी स्त्री थिई, जसलाई अठार वर्षदेखि दुर्बल पार्ने दुष्टात्मा लागेको थियो । त्यो कुप्री परेकी थिई, र आफै पूर्ण रूपले सीधा हुन सक्दिनथिई । येशूले त्यसलाई देख्नुभयो, र बोलाएर भन्नुभयो "ए नारी, तिमी आफ्नो दुर्बलताबाट मुक्त भयौ ।" तब उहाँले त्यसमाथि आफ्ना हात राख्नुभयो, र त्यो तुरुन्तै सीधा भई र परमेश्वरको प्रशंसा गर्न लागी । (लूका १३:११-१३)
- हे परमप्रभु, मलाई निको पार्नुहोस्, र म निको हुनेछु, मलाई बचाउनुहोस् र म बाँच्नेछु, किनकि मेरो प्रशंसाको पात्र तपाईं नै हुनुहुन्छ । (यर्मिया १७:१४)

**हामीसँग पापको दासत्व र बन्धनबाट स्वतन्त्र हुने कुनै उपाय छैन, तर येशूले हामीलाई स्वतन्त्र बनाउन सक्नुहुन्छ ।**

- हामी दासहरू भए तापनि हाम्रो दासत्वको बन्धनमा हाम्रा परमेश्वरले हामीलाई त्याग्नुभएको छैन । उहाँले हामीमाथि आफ्नो कृपा देखाउनुभएको छ । (एज्रा ९:९)
- म परमप्रभु हुँ । म तिनीहरूको दासत्वबाट छुटकारा दिनेछु । आफ्नो हात उठाएर तिनीहरूलाई ठूलो दण्ड दिएर म तिमीहरूको उद्धार गर्नेछु । (प्रस्थान ६:६)
- यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू निश्चय स्वतन्त्र हुनेछौ । (यूहन्ना ८:३६)
- पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले खीष्ट येशूमा मुक्त पारेको छ । (रोमी ८:२)

**स्वभावतः, हामीसँग छलपूर्ण कडा हृदय छ, तर येशूले हामीलाई नयाँ हृदय दिन सक्नुहुन्छ ।**

- तिनीहरू जो आफ्नै दृष्टिमा शुद्ध हुन्छन् तर आफ्नै फोहोरबाट तिनीहरू सफा भएका हुँदैनन् । (हितोपदेश ३०:१२)
- त्यसका आँखाअगि परमेश्वरको डर हुँदैन । किनकि त्यसले आफ्नो यति प्रशंसा गर्छ कि आफ्नो पाप त्यसले फेला पार्दैन र घृणा गर्दैन । (भजनसंग्रह ३६:१-२)
- तब उहाँले तिनीहरूलाई भन्नुभयो, "मानिसहरूका सामुन्ने आफैलाई धर्मी ठहराउने तिमीहरू नै हौ, तर परमेश्वरले तिमीहरूका हृदय जान्नुहुन्छ, किनकि मानिसहरूका बीचमा जे उच्च गनिएको छ, परमेश्वरको दृष्टिमा त्यो तुच्छ ठहरिन्छ । (लूका १६:१५)
- मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ, र त्यसलाई निको पार्न सकिँदैन । त्यसलाई कसले जान्न सक्छ र ? "हरेक मानिसलाई त्यसको चालअनुसार र त्यसका कर्मको फलअनुसार इनाम दिनलाई म परमप्रभु मानिसको हृदय तलास गर्छु, त्यसका मनको म जाँच गर्छु ।" (यर्मिया १७:९-१०)
- धन्य त्यो व्यक्ति, जसका अपराध क्षमा भएको छ, र जसका पाप ढाकिएका छन् । त्यो मानिस धन्य हो, जसलाई परमप्रभुले दोषी ठहराउनुहुन्न, र जसको मनमा छलकपट छैन । (भजनसंग्रह ३२:१-२)



- तपाईंले हरेक मानिसको हृदयलाई जान्नुहुन्छ । यसकारण तपाईंले त्यसलाई त्यसका सबै कामअनुसारको प्रतिफल दिनुहोस् । (२ इतिहास ६:३०)
- हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस् । (भजनसंग्रह ५१:१०)
- तिमीहरूका सबै अशुद्धतादेखि र तिमीहरूका सबै मूर्तिहरूदेखि म तिमीहरूलाई शुद्ध तुल्याउनेछु । म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु । तिमीहरूबाट ढुङ्गाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई मासुको हृदय दिनेछु । (इजकिएल ३६:२५-२६)

## १६. परमेश्वरको नजरमा दुई प्रकारका मानिसहरु

**ईश्वरको नजरमा, हामी या त दुष्ट हौं (आफ्नै शक्तिमा भरोसा गर्ने), वा हामी एक धर्मी सन्त (परमेश्वरमा भरोसा) हौं ।**

- उहाँले आफ्ना पवित्र जनहरूका खुट्टालाई रक्षा गर्नुहुनेछ, तर दुष्टहरू अन्धकारमा मौन गराइएका हुनेछन् ।" "केवल बलले मात्र मानिस प्रबल हुन सक्दैन । (१ शमूएल २:९)
- दुष्टहरूका पाखुरा भाँचिनेछन्, तर धर्मीहरूलाई परमप्रभुले थामिराख्नुहुन्छ । (भजनसंग्रह ३७:१७)
- सारा जातिहरूको दृष्टिमा परमप्रभुले आफ्नो पवित्र बाहुबल प्रकट गर्नुहुनेछ, र पृथ्वीको पल्लो छेउकाहरूले पनि हाम्रा परमेश्वरको उद्धारलाई देख्नेछन् । (यशैया ५२:१०)
- कोही रहेनछ भनी उहाँले देख्नुभयो । यसर्थ उहाँकै आफ्नै बाहुलीले त्यसको निम्ति उद्धार ल्याउनुभयो, र उहाँकै धार्मिकताले त्यसलाई थाम्नुभयो । (यशैया ५९:१६)
- तपाईंले आफ्नो बाहुलीको शक्तिले आफ्ना मानिसहरूलाई उद्धार गर्नुभयो । (भजनसंग्रह ७७:१५)
- मेरो धार्मिकता चाँडै नजिक आउँछ, मेरो उद्धार बाटैमा आउँदैछ, र मेरो बाहुबलमा तिनीहरूले आशा राख्नेछन् । (यशैया ५१:५)

**जसरी परमेश्वरको नजरमा दुई प्रकारका मानिस मात्र हुन्छन्, त्यसैगरी परिणाम पनि केवल दुई प्रकारका हुन्छन् ।**

- "यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन् ।" (मत्ती २५:४६)
- धर्मीको आशाले हर्षित तुल्याउँछ, तर दुष्टका आशाहरू फासफुस हुन्छन् । परमप्रभुको मार्ग धर्मीहरूका निम्ति एक शरणस्थान हो, तर दुष्ट काम गर्नेहरूका निम्ति विध्वंस हो । (हितोपदेश १०:२८-२९)

- निर्दोष मानिसलाई विचार गर, र सत्यनिष्ठ जनलाई हेर । तर अपराधीहरूचाहिँ सखापै हुनेछन्, दुष्टका सन्तानचाहिँ बहिष्कृत हुनेछन् । धर्मी जनहरूको उद्धार परमप्रभुको तर्फबाट हुन्छ, दुःखको समयमा उहाँ नै तिनीहरूको शरणस्थान हुनुहुन्छ । परमप्रभुले तिनीहरूलाई मदत गर्नुहुन्छ र उहाँले तीनीहरूलाई बचाउनुहुन्छ, किनभने तिनीहरूले उहाँको शरण लिन्छन् । (भजनसंग्रह ३७:३७-४०)
- धर्मी मानिस सङ्कष्टबाट बचाइन्छ, अनि त्यसको साटो दुष्टमाथि नै त्यो आइपर्छ । (हितोपदेश ११:८)
- मानिसको पुत्रले आफ्ना दूतहरू पठाउनेछ, र पाप गर्न लाउने प्रत्येक थोक र दुष्ट काम गर्नेहरू सबैलाई तिनीहरूले उसको राज्यबाट बटुल्नेछन्, र उनीहरूलाई आगोको भट्टीमा फालिदिनेछन् । त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन । तब धर्मी जनहरू आफ्ना पिताको राज्यमा सूर्यजस्ता चम्किला हुनेछन् । (मत्ती १३:४१-४३)

**परमेश्वरले मानिसहरूलाई प्रेम गर्नुहुन्छ, र उहाँको मुक्तिको उपहार प्राप्त गर्न उहाँकहाँ नआएको कारणले मानिसहरू नरकमा जानुपर्दा उहाँ कत्तिपनि खुसी हुनुहुन्न ।**

- येशूले तिनीहरूलाई भन्नुभयो "तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ ।" (यूहन्ना ५:१९,४०)
- 'जस्तो म जीवित छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ, दुष्टहरूको मृत्युमा म खुशी हुन्नँ, तर हे इस्राएलका घराना हो, तिमीहरू किन मर्छौ?' (इजकिएल ३३:११)
- तब यो देखेर उहाँका चेलाहरू याकूब र यूहन्नाले भने, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू भस्म होऊन् भनी हामी आज्ञा गरौं?" तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो । अनि उहाँहरू अर्को गाउँतिर जानुभयो । (लूका ९:५४-५६)

**हामी सबै दुष्ट स्वभाव लिएर जन्मेका छौं, तर येशूको धार्मिकतामा भरोसा गरेर हामी धर्मी (नयाँ जन्म पाएका) बन्न सक्छौं ।**

- दुष्टहरू त जन्मदेखि नै भड्केर जान्छन् । गर्भदेखि नै तिनीहरू दुष्ट हुन्छन् र झूट बोल्छन् । (भजनसंग्रह ५८:३)
- साँच्चै, म जन्मँदा नै पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ । (भजनसंग्रह ५१:५)
- येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन ।" (यूहन्ना ३:३)
- किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो । (२ कोरिन्थी ५:२१)



- तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन् । येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वर को धार्मिकता विश्वासद्वारा प्रकट भएको छ । (रोमी ३:२१-२२)

**त्यहाँ एकजनालाई वा अरुलाई पछ्याउने अर्थमा दुईवटा "बुबा" मात्र हुनुहुन्छ । यदि हामीले पुर्नजन्म पायौं भने परमेश्वर हाम्रा पिता हुनुहुन्छ ।**

- येशूले तिनीहरूलाई भन्नुभयो, "परमेश्वर तिमीहरूका पिता हुनुहुँदो हो त तिमीहरूले मलाई प्रेम गर्ने थियौ । तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ । त्यसमा केही सत्य छैन। जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो ।" (यूहन्ना ८:४२,४४)
- तिनीहरूले उहाँसँग भ्रष्ट व्यवहार गरे । तिनीहरू अबदेखि उहाँका सन्तान होइनन् । तिनीहरू बाङ्गो र टेढ़ो पुस्ताका मानिसहरू हुन् । (व्यवस्था ३२:५)

**त्यहाँ केवल दुई प्रकारका भरोसाहरू छन्, हामी हाम्रो काममा भरोसा राख्छौं, वा परमेश्वरको काममा भरोसा राख्छौं ।**

- परमप्रभु यसो भन्नुहुन्छः "श्रापित होस् त्यो मानिस, जसले मानिसमाथि भरोसा राख्तछ, र शारीरिक शक्तिमाथि भर पर्दछ, जसको हृदय परमप्रभुदेखि तर्किगएको छ । त्यो उजाड़-भूमिको पोथ्रोझैं हुनेछ । उन्नति आउँदा त्यसले देख्नेछैन । (यर्मिया १७:५-६)
- त्यो मानिस धन्यको हो, जसले परमप्रभुमा भरोसा राख्तछ, जसको आशा परमप्रभु हुनुहुन्छ । त्यो पानीको किनारमा रोपेको रूखजस्तो हुनेछ, गर्मी हुँदा त्यो डराउँदैन । (यर्मिया १७:७-८)
- म उही हुँ, जसले सबैका मन र हृदयको जाँच गर्दछु, र म तिमीहरू हरेकलाई तिमीहरूका कामअनुसार दिनेछु । (प्रकाश २:२३)
- जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन । (१ यूहन्ना ५:१२)

# १७. हाम्रो आवश्यकतालाई महशुस गर्नु

**हामी के गर्छौं भन्ने महशुस गरेर होईन अनि हामीमा कुनै असलपना छैन तर केवल येशू मात्र असल हुनुहुन्छ भन्ने बुझ्रेर हामीले आफुसँग भएका सबै कुराहरु "बेच्नु/त्याग्नु" पर्छ ।**

- यसकारण मानिसको इच्छा वा प्रयासमाथि यो निर्भर गर्दैन, तर परमेश्वरको कृपामाथि निर्भर गर्दछ । (रोमी ९:१६)
- एक जना मानिस दौड़ेर आई उहाँको अगि घुँड़ा टेक्यो, र उहाँलाई सोध्यो, "हे असल गुरु, अनन्त जीवन प्राप्त गर्नलाई मैले के गर्नुपर्छ ?" येशूले त्यसलाई भन्नुभयो, "तिमी किन मलाई असल भन्छौ ? एकमात्र परमेश्वरबाहेक अरू कोही असल छैन । तिमी आज्ञाहरू त जान्दछौ, अनि त्यसले उहाँलाई भन्यो, "गुरुज्यू, यी सबै त मैले मेरो युवावस्थादेखि नै पालन गरेको छु ।" येशूले त्यसलाई हेर्नुभयो, र त्यसलाई माया गरेर भन्नुभयो, "तिमीलाई अझ एउटा कुराको अभाव छ । जाऊ, र तिम्रा जे-जति छन् बिक्री गर र गरीबहरूलाई देऊ, र तिमीलाई स्वर्गमा सम्पत्ति मिल्नेछ । अनि आएर मेरो पछि लाग ।" तर यस कुराले त्यसको अनुहार उदासिलो भयो, र त्यो दु:खित भएर गइहाल्यो, किनभने त्यससित धेरै धन-सम्पत्ति थियो । (मर्कुस १०:१७-२२)
- यसकारण तिमीहरूमध्ये जसले आफूसित भएका सबै थोक त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन । (लूका १४:३३)

**येशूले उहाँलाई "तिमीमा एउटा कुराको अभाव छ" भन्नुभएको थियो । त्यो एउटा कुरा चाहिँ त्यो हो कि हाम्रो नाम येशूमा भरोसा गरेको कारणले जीवनको पुस्तकमा लेखिएको छ ।**

- तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें । उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए । अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरा मुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो । जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो । (प्रकाश २०:११-१२,१५)

**क्रुस उठाउनु भनेको चाहिँ हाम्रो घमण्डलाई मार्नु, हामीसँग दिनको लागि केहि असल कुरा छ भन्ने कुरा इन्कार गर्नु र ती कुराबाट अपमानित नहुनु हो ।**

- तब उहाँले भन्नुभयो, "कोही मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार गरोस्, र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस् ।" (मर्कुस ८:३४)
- तर भाइ हो, यदि म अझै खतनाको प्रचार गर्दछु भने ममाथि यी सब सतावट किन आएका? त्यसो हो भनेता क्रूसबाट आउने बाधा गएको छ । (गलाती ५:११)



- सेनाहरूका परमप्रभु पवित्रस्थान जस्तै हुनुहुनेछ, तर ठेस लाग्ने ढुङ्गा र अपराधको चट्टान । (यशैया ८:१३-१४)
- धन्य हो त्यो, जसले मबाट बाधा पाउँदैन । (मत्ती ११:६)

**परमेश्वरको मुक्ति सबैको लागि उपलब्ध छ, तर हामीले यो यतिबेला मात्र प्राप्त गर्न सक्छौं जतिबेला हामीले हाम्रो आवश्यकता महसुस गर्छौं र उहाँलाई बिश्वास गर्दै उहाँकहाँ आउँछौ ।**

- उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि । (१ यूहन्ना २:२)
- किनकि सबै मानिसहरूका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ, (तीतस २:११)
- हाम्रो आशा जीवित परमेश्वरमा राखिएको छ, जो सबै मानिसका, विशेष गरी उहाँ माथि विश्वास गर्नेहरूका मुक्तिदाता हुनुहुन्छ । (१ तिमोथी ४:१०)

**यदि हामीले हामी पापी छौं भन्ने कुरा थाहा गर्छौं अनि येशूमा बिश्वास गर्छौं तव हामी उहाँबाटको मुक्तिको लागि उहाँद्वारा बोलाईन्छौं ।**

- किनकी दरिद्रहरुलाई, जसले पुकार गर्छन् र सहायता नपाएका गरीबहरुलाई उनले उद्धार गर्नेछन् । कमजोर र दरिद्रलाई उनले टिठ्याउनेछन् र दरिद्रहरुका प्राण बचाउनेछन् । (भजनसँग्रह ७२:१२-१३)
- यो बचन हर प्रकारले ग्रहणयोग्य छ कि पापीहरुलाई उद्धार गर्न येशू खीष्ट संसारमा आउनुभयो र पापीहरुमा म सबैभन्दा मुख्य हुँ । तर यसकारण मैले कृपा पाएँ कि पापीहरुमा सबैभन्दा मुख्य भएर पनि मद्वारा येशू खीष्टले आफ्नो असिम धैर्य प्रकट गर्न सकून्, ताकि उहाँमाथि बिश्वास गरेर अनन्त जीवन पाउनेहरुका लागि म एउटा उदाहरण बन्न सकुँ । (१ तिमोथी १:१५-१६)
- बिश्वासबिना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का बिश्वास गर्नुपर्छ । (हिब्रु ११:६)
- उहाँ एउटै प्रभु सबैका प्रभु हुनुहुन्छ, र उहाँलाई पुकार्नेहरु सबैलाई आफ्नो प्रसस्त आशिष दिनुहुन्छ । किनकी "प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ ।" (रोमी १०:१२-१३)

**यदि हामीले हामी पापको रोगबाट ग्रसित छौं भन्ने कुरा थाहा गरेर येशूमा बिश्वास गर्छौं भने हामी उहाँबाट निको हुनको लागि उहाँकहाँ आउँछौं । यसकारण हामी मर्नु पर्दैन ।**

- यो सुनेर उहाँले भन्नुभयो, "निरोगीहरुलाई बैद्यको आवश्यकता हुँदैन, तर रोगीहरुलाई हुन्छ । तर गएर यसको अर्थ के हो तिमीहरु सिक, 'म बलिदान होइन, दया चाहान्छु ।' किनकी म धर्मीलाई होईन तर पापीहरुलाई बोलाउन आएँ ।" (मत्ती ९:१२ -१३)
- मैले भनैं, "हे परमप्रभु, म माथि अनुग्रह गर्नुहोस् । मलाई निको पारिदिनुहोस्, किनकी मैले तपाईको विरुद्धमा पाप गरेको छु ।" (भजनसँग्रह ४१:४)

**यदि हामीले हामी धार्मिकतामा गरिब छौं भन्ने जान्यौं र परमेश्वरको धार्मिकताको निम्ति तृषित भयौं भने हामी हाँस्ने छौं र स्वर्गमा रमाहट हुनेछ ।**

- धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरु, किनभने तिनीहरु तृप्त हुनेछन् । (मत्ती ५:६)
- तब उहाँले आफ्ना चेलाहरुमाथि नजर उचालेर भन्नुभयो, "धन्य तिमी, दीन हुनेहरु, किनभने परमेश्वरको राज्य तिमीहरुकै हो । धन्य तिमी, अहिले भोकाउनेहरु, किनभने तिमीहरु तृप्त हुनेछौ । धन्य तिमी अहिले रुनेहरु, किनभने तिमीहरु हाँस्नेछौ ।" (लुका ६:२०-२१)
- मेरा प्रीयहरु, सुन, के परमेश्वरले संसारका गरीबहरुलाई विश्वासमा धनी तुल्याएर त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र ? यहि राज्य उहाँलाई प्रेम गर्नेहरुलाई उहाँले दिने प्रतिज्ञा उहालेँ गर्नुभएको होईन र? (याकुब २:५)
- अनि मरियमले भनिन्, "मेरो प्राणले परमप्रभुको गुणगान गर्दछ ।, अनि मेरो आत्मा मुक्तिदाता परमेश्वरमा रमाहट गर्दछ । किनभने उहाँ, जो शक्तिशाली हुनुहुन्छ, उहाँले मेरो निम्ति महान काम गर्नुभएको छ । भोकाएकाहरुलाई उहाँले असल चिजहरुले तृप्त पार्नुभएको छ, र धनीहरुलाई उहाँले रित्तै हात पठाउनुभएको छ ।" (लुका १:४६-४७, ४९,५३)
- यस दुखित मानिसले परमप्रभुलाई पुकार गऱ्यो, अनि उहाँले सुन्नुभयो, र त्यसलाई त्यसका सबै काष्टबाट बचाउनुभयो । (भजनसँग्रह ३४:६)
- भोक र प्यासले क्षीण भई प्राण जाला जत्तिकै भईसकेको थियो । तब तिनीहरुले आफ्नो दुखमा परमप्रभुलाई दुहाई गरे र उहाँले तिनीहरुलाई आपद्‌बाट छुटाउनुभयो । उहाँले तिनीहरुलाई सोझ्फो बाटोबाट डोऱ्याएर एउटा शहरमा पुऱ्याउनुभयो । जहाँ तिनीहरु बसोबास गर्न सके । तिनीहरुले परमेश्वरको अचुक प्रेमको निम्ति र मानिसहरुप्रति उहाँका आश्चर्य कामका निम्ति उहाँलाई धन्यवाद चढाऊन् । किनभने उहाँले तिर्खाएकाहरुलाई तृप्त पार्नुहुन्छ, र भोकालाई उहाँले उत्तम पदार्थले सन्तुष्ट पार्नुहुन्छ । (भजनसँग्रह १०७:५-९)



- हे परमेश्वर तपाईले दरिद्रहरुको भरणपोषण गर्नुभयो । (भजनसँग्रह ६८:१०)

**तर, यदि हामी हाम्रो "सम्पन्नतामा" (हामी असल कुराहरुमा धनी छौं भनेर सोँच्नु) भरोसा गर्छौं भने हामीले हाम्रो सम्पन्नता वास्तवमा मुल्यहिन हुनेछ भन्ने अन्त्यमा महशुस गर्ने छौं ।**

- तर धिक्कार, तिमी धनीहरु, किनभने तिमीहरुले आफ्ना सुख-चैन पाईसकेका छौ । धिक्कार, तिमी अहिले तृप्त भएकाहरु, किनभने तिमीहरु भोकाउनेछौ । धिक्कार, तिमी अहिले हाँस्नेहरु, किनभने तिमीहरु शोक गर्ने छौ र रुनेछौ । (लुका ६:२४-२५)
- जसले आफ्नो सम्पत्तीमा भरोसा राख्छ, त्यसको पतन हुनेछ, तर धर्मीचाहिँ हरियो पात झैँ मौलाउनेछ । (हितोपदेश ११:२८)
- हेर यो मानिस, जसले परमेश्वरलाई आफ्नो आश्रय बनाएन, तर आफ्नो भन-सम्पत्तीको प्रसस्ततामा भरोसा राख्यो र अरुलाई बिनाश गरि बलियो भयो । (भजनसँग्रह ५२:७)
- तिमीहरुले आफ्ना कामहरु र धनहरुमा भरोसा राखेका हुनाले तिमीहरु पनि कैदमा पर्नेछौ । (यर्मिया ४८:७)
- धनी मानिस हो । सुन, तिमीहरुमाथि आईपर्ने कष्टहरुमाथि रोओ र बिलाप गर । तिमीहरुको धन सडेको छ र तिमीहरुका पोशाकहरु किराले खाएका छन् । (याकुब ५:१ -२)
- कोहि मानिस धनी भईटोपल्छ तापनि त्यससँग केहि हुँदैन । कोहि चाहिँ कङ्गाली भईटोपल्छ, तापनि त्यससँग प्रसस्तै सम्पत्ती हुन्छ । (हितोपदेश १३:७)

# १८. परमेश्वरको मुक्ति सबैको लागि उपलब्ध छ ।

**हामीले जतिसुकै डरलाग्दा कामहरु गरेको भएता पनि परमेश्वरको मुक्ति हाम्रो लागि उपलब्ध छ अनि हामी बचाईन सकौं भन्ने चाहि परमेश्वरको इच्छा हो ।**

- किनकी सुसमाचारसँग म शर्माउँदिन । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो । .... किनकी सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ । (रोमी १:१६-१७)
- परमप्रभुको नाउँ लिने हरेकले उद्धार पाउने छ । (योएल २:३२)
- उहाँमा शरण लिने कोहि पनि दोषी ठहरिने छैन । (भजनसंग्रह ३४:२२)
- हे परमप्रभु, तपाईं भला र क्षमाशील हुनुहुन्छ । र तपाईलाई पुकार गर्नेहरु सबैलाई तपाईको प्रेम प्रसस्त रहन्छ । (भजनसँग्रह ८६:५)
- तर म त परमेश्वरलाई पुकार्छु र परमप्रभुले मलाई बचाउनुहुन्छ । (भजनसँग्रह ५५:१६)
- आउनुहोस्, जो तिर्खाउँछ त्यो आओस्, जसले इच्छा गर्छ त्यसले जीवनको पानी सित्तैमा पिओस् । (प्रकाश २२:१७)

- आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाई भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोहि पनि नष्ट नहोस्, तर सबै जनाले पश्चाताप गरुन् भन्ने इच्छा गरेर प्रभु तिमीहरु प्रति धैर्यवान हुनुहुन्छ। (२ पत्रुस ३:९)
- हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ। सबै मानिसहरुले मुक्ति पाउन् र तिनीहरु सत्यको ज्ञानमा आउन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ। (१ तिमोथि २:३-४)

**सत्य यो हो कि परमेश्वरको नजरमा सबै पापहरु डरलाग्दो छ तर यदि हामी परमेश्वरकहाँ फर्क्यौं भने उहाँले हामीलाई क्षमा गर्नुहुनेछ। केवल पवित्र आत्माको निन्दा गर्ने पाप चाहिँ परमेश्वरले क्षमा गर्नुहुन्न जुन चाहिँ परमेश्वरलाई झुठो भनेर हाम्रो सम्पुर्ण जीवनबाट येशूलाई बिश्वास गर्ने आज्ञालाई इन्कार गर्नु हो।**

- साँच्चै, म तिमीहरुलाई भन्दछु, मानिसहरुका सबै पाप र इश्वर-निन्दा क्षमा गरिनेछन्। तर पवित्र आत्माको बिरुद्धमा निन्दा गर्नेलाई कदापी क्षमा हुने छैन, तर त्यो अनन्त पाप कर्मको दोषी ठहर्छ। (मर्कूस ३:२८-२९)
- यति हुँदा हुँदै पनि तिनीहरुले पाप गरि नै रहे, उहाँका आश्चर्यकर्म हुँदा-हुँदै पनि तिनीहरुले बिश्वास गरेनन्। (भजनसँग्रह ७८:३२)
- तर अब अनन्तका परमेश्वरको आज्ञा अनुसार अगमबक्ताहरुका लेखाईद्वारा प्रकट गरि एको र जनाईएको छ, यस हेतुले कि सबै जातिहरुले बिश्वास गरुन् र आज्ञापालन गरुन्। (रोमी १६:२६)
- उहाँको आज्ञा यहि हो, कि हामीले उहाँका पुत्र येशू ख्रीष्टको नाउँमा बिश्वास गर्नुपर्छ। (१ यूहन्ना ३:२३)
- पश्चाताप गर, र सुसमाचारमा बिश्वास गर। (मर्कूस १:१५)
- परमेश्वरमा बिश्वास नगर्नेले उहाँलाई झुटा तुल्याएको हुन्छ। किनकी परमेश्वरले आफ्ना पुत्रको बिषयमा दिनुभएको गवाहीमा त्यसले बिश्वास गरेको हुँदैन। गवाहीचाहिँ यहि हो कि, परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो र यो जीवन उहाँका पुत्रमा छ। (१ यूहन्ना ५:१० -११)
- यदि हामीले आफ्ना पापहरु स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ, र सबै अधर्महरुबाट हामीलाई शुद्ध पार्नु हुन्छ, किनकी उहाँ बिश्वसायोग्य र धर्मी हुनुहुन्छ। यदि हामीले पाप गरेका छैनौं भनि हामी भन्छौं भने हामी उहाँलाई झुटा तुल्याउँछौं र उहाँको बचन हामीमा हुँदैन। (१ यूहन्ना १:९-१०)
- जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। जसले पुत्रको आज्ञालापन गर्दैन, त्यसले जीवन देख्ने छैन तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ। (यूहन्ना ३:३६)



**हाम्रो पापको लागि आफैलाई दोषी ठान्नु वा दुखी हुनु, आफु पापी हुँ भनी स्वीकार गर्नु वा हाम्रो पापको निम्ति क्षतिपुर्ति दिनुले हामीलाई बचाउन सक्दैन।**

- तब उहाँलाई पक्राउने यहुदाले उहाँमाथि दण्डाज्ञा भएको देखिकन पछुतो गर्‍यो, र मुख्य पुजाहारीहरु र धर्म-गुरुहरुलाई चाँदीका तीस सिक्का फिर्ता दिन ल्यायो। र भन्यो, "मैले निर्दोष मानिसलाई धोका दिएर पाप गरेको छु।" ... तब चाँदीका ती सिक्काहरु मन्दिरमा फ्याँकेर त्यो गयो र त्यसले झुण्डेर आत्महत्या गर्‍यो। (मत्ती २७:३-५)
- किनभने इश्वरीय शोकले मुक्तिको निम्ति पश्चाताप उत्पन्न गर्छ र त्यसमा पछुतो हुँदैन तर संसारीक शोकले भने मृत्यु उत्पन्न गर्छ। (२ कोरिन्थी ७:१०)

**साँचो पश्चाताप भनेको चाहिँ हाम्रो पापहरु थाहा गर्नु अनि येशू ख्रीष्टलाई बिश्वास गरेर परमेश्वरको मार्गमा फर्किनु हो।**

- के दुष्टको मृत्युमा म खुसी हुन्छु र ? परमप्रभु परमेश्वर भन्नुहुन्छ। बरु आफ्नो चाल छोडेर तिनीहरु बाँचेका म हेर्न चाहान्न र ? (इजकिएल १८:२३)
- परमप्रभु घोषणा गर्नु हुन्छ, "अहिले पनि तिमीहरु आफ्ना सम्पुर्ण हृदयले, उपबास बसेर, रुँदै र शोक गर्दै म तिर फर्क।" (योएल २:१२)
- आफ्नो मार्ग परमप्रभुलाई सुम्प, उहाँमा नै भरोसा राख, अनि उहाँले यो गर्नुहुनेछ। (भजनसंग्रह ३७:५)
- तब धर्मशाश्त्र बुझ्नलाई उहाँले तिनीहरुको समझ खोलिदिनुभयो। उहाँले तिनीहरुलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुख भोग्नु र तेश्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ। अनि यरुशलेमबाट शुरु गरेर सबै जातिहरुलाई उहाँको नाउँमा पश्चाताप र पाप-क्षमाको प्रचार हुनुपर्छ।" (लुका २४:४५-४७)

**सुसमाचार साधारण छ : हामीले कुनै पनि हालतमा मुक्तिलाई कमाउन सक्दैनौं वा प्राप्त गर्न योग्य हुँदैनौं । अनि परमेश्वरले उहाँको असलपना र उहाँको कामले प्रेम स्वरुप हामीलाई पुर्णतया मुक्ति दिनुभएको छ । हामी बचाईनको लागि, हामीलाई हाम्रो पापहरु थाहा गर्नु, हाम्रो निम्ति मर्नुहने र मृत्युबाट पुनरुत्थान हुनुहुने येशूलाई बिश्वास गर्नु र हामीलाई अनन्तको मुक्ति सित्तैमा दिनुहोस् भनी उहाँलाई बोलाउनु पर्दछ ।**

- हे परमेश्वर, तपाईको अचुक करुणाअनुसार ममाथि कृपा गर्नुहोस्, तपाईको अपार अनुकम्पमा मेरा अपराधहरु मेटिदिनुहोस् । मेरो सबै अधर्मबाट मलाई पुर्ण रुपमा धोईदिनुहोस् । र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस् । किनकी मेरा अपराधहरु म जान्दछु, र मेरो पाप सदा मेरो सामुन्ने छ । (भजनसँग्रह ५१:१-३)
- तिनीहरुलाई बाहिर ल्याएर उनले भने, "उद्धार पाउनलाई मैले के गर्नुपर्छ ?" अनि तिनीहरुले भने, "प्रभु येशू खीष्टमा बिश्वास गर्नुहोस् र तपाईले उद्धार पाउनुहुनेछ ।" (प्रेरित १६:३०-३१)
- किनकी यदि तिमीले येशूलाई प्रभु हो भनि आफ्नो मुखले स्वीकार गऱ्यौ र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जिवित पार्नुभयो भनि आफ्नो हृदयमा बिश्वसा गऱ्यौ भने तिम्रो उद्धार हुनेछ । (रोमी १०:९)
- यसकारण तिमीहरु दुष्ट भएर आफ्ना छोराछोरीहरुलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरुका पिताले उहाँसित माग्नेहरुलाई कति बढि गरेर असल चीज दिनुहुनेछ । (मत्ती ७:११)

**यदि हामीले साँचो रुपले बिश्वास गरेका छौं भने हामी हाम्रा सबै अपराध र लाजबाट स्वतन्त्र हुन्छौं । यसमा नै हाम्रो आनन्द छ ।**

- किनकी तिनीहरुका अपराधहरु म क्षमा गर्ने छु, र म तिनीहरुका पाप फेरि कहिल्यै सम्झने छैन । (यर्मिया ३१:३४)
- पश्चिमबाट पुर्व जत्तिको टाढा छ, उहाँले हाम्रा अपराधहरु हामीबाट त्यतिकै टाढा हटाईदिनुभएको छ । (भजनसंग्रह १०३:१२)
- उहाँमाथि भरोसा राख्ने कोहि लाजमा पर्ने छैन । (रोमी १०:११)
- यसकारण अव खीष्ट येशूमा भएकाहरुलाई दण्डको आज्ञा छैन । (रोमी ८:१)
- तिमीहरुले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ । उहाँलाई तिमीहरु अहिले देख्दैनौ, तापनि उहाँ माथि विश्वास गर्छौ र अवर्णनीय र गौरवमय आनन्दमा रामाउँछौ । तिमीहरुका बिश्वासको प्रतिफल स्वरुप तिमीहरुले आˆना आत्माको मुक्ति पाउँछौ । (१ पत्रुस १:८-९)



**परमेश्वरसँग सम्पुर्ण शक्ति छ र उहाँलाई सबै कुरा थाहा छ । उहाँले आफ्नो बचनमा भन्नुभएका कुराहरु सिक्नमा समय बिताउनु एकदमै महत्वपुर्ण छ । परमेश्वरको बचन सिक्नुले हामीलाई परमेश्वरलाई अझ राम्रोसँग चिन्न अनि बृद्धि हुन सहायता गर्छ अनि कुनै पनि गलत शिक्षाहरुलाई इन्कार गर्न सहायता गर्छ ।**

- जसरी लुटको ठूलो धन पाउने व्यक्ति रमाउँछ, म तपाईको प्रतिक्षामा हर्षित हुन्छु । (भजनसंग्रह ११९:१६२)
- उहाँको मुखबाट निस्केको आज्ञालाई म इन्कार गर्दिन, मेरो दैनिक भोजनभन्दा उहाँले भन्नुभएको कुरा मैले हृदयमा धेरै सञ्चय गरिराखेको छु । (अय्युब २३:१२)
- येशूले तिनीहरुलाई भन्नुभयो, "तिमीहरु भुलमा परेको कारण यहि होईन र, कि तिमीहरु नता धर्मशाश्त्र जान्दछौ न परमेश्वरको शक्तिलाई जान्दछौ ?" (मर्कूस १२:२४)
- तपाईको बचनअनुसार मेरा पाइलाहरु स्थीर गरिदिनुहोस् । (भजनसँग्रह ११९:१३३)
- नयाँ जन्मेको बालकहरुजस्तै शुद्ध आत्मिक दुधको तृष्णा गर र त्यसबाट तिमीहरु मुक्तिमा बढ्दै जान सक्ने छौ । (१ पत्रुस २:२)

**बाइबललाई बुझ्ने सबैभन्दा असल श्रोत भनेको नै बाइबल हो । अनि पवित्र आत्मा जो हरेक साँचो बिश्वासीहरुमा बास गर्नुहुन्छ जसले उहाँको बचनको अर्थ सिधै हामीमा सिकाउन सक्नुहुन्छ ।**

- तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरुलाई सबै कुरा सिकाउनुहुनेछ र मैले तिमीहरुलाई भनेका सबै कुरा तिमीहरुलाई याद दिलाउनुहुनेछ । (यूहन्ना १४:२६)
- तिमीहरुले उहाँबाट पाएको अभिषेक तिमीहरुमा रहिरहन्छ र कसैले तिमीहरुलाई सिकाउने आवश्यकता पर्दैन । तर उहाँको अभिषेकले तिमीहरुलाई सबै कुराका बिषयमा सिकाउँछ, अनि त्यो अभिषेक सत्य छ, त्यो बनावटी होइन । यस अभिषेकले तिमीहरुलाई सिकाए बमोजिम खीष्टमा रहिरहो । (१ यूहन्ना २:२७)
- तर यदि तिमीहरु मध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस् र त्यसलाई त्यो दिईनेछ । (याकुब १:५)
- उसका परमेश्वरले उसलाई ठिक शिक्षा दिनुहुन्छ र ठिक-ठिक तरिका सिकाउनुहुन्छ । (यशैया २८:२६)

यो पुस्तिका बिद्युतिय माध्यमद्वारा वा छपाई गरेर सित्तैमा बितरण गरिनु पर्छ यसलाई हेरफेर गर्नु हुँदैन र यसको लागि कुनै शुल्क लिनु हुँदैन ।

यो पुस्तिकालाई बिभिन्न बिद्युतिय ढाँचामा डाउनलोड गर्न सकिन्छ वा www.wonderfulsalvation.com बाट अनलाईन पढ्न सकिन्छ ।